सवारी साधन व्यवस्थापनका लागि अनुरोध
- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दूरीका बसहरू गोंगबुस्थित नयाँ बसपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं ।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्णरूपले पालना गरौं ।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रीवाहक सवारी साधन रोक्ने, यात्री चढ्ने र ओर्लने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन १४ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 26 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७८

## नेशनल मेडिकलका अध्यक्ष बुबा डा जैनुद्दीन अन्सारी हुन् काका बसरुद्दीन अन्सारी पदमुक्त भइसके -डा शाहनवाज

प्रस, वीरगंज, १३ फागुन/

वीरगंजमा रहेको नेशनल मेडिकल कलेजको विवाद अहिले बाहिर आएको छ। केही महीनादेखि सञ्चालक समितिका अध्यक्ष डा जैनुद्दीन अन्सारी र निजका भाइ प्रबन्ध निर्देशक बसरूद्दीन अन्सारीबीचको खटपट अहिले बाहिरिने क्रममा छ ।

यसै क्रममा आइतवार मेडिकल कलेजका डा शाहनवाज अन्सारी र डा नुसरतजहाँ अन्सारीले पत्रकार सम्मेलन गरी नयाँ सञ्चालक समितिको निर्णयबाट आफू प्रबन्ध निर्देशक भएको डा शाहनवाज अन्सारीले दाबी गरे । उनी कलेजका संस्थापक अध्यक्ष तथा हालका पनि अध्यक्ष डा जैनुद्दीन अन्सारीका छोरा हुन् ।

पत्रकार सम्मेलनमा नयाँ प्रबन्ध निर्देशक डा अन्सारीले स्थापनाकालमा २०५६ सालमा बुबाको नाममा ९० प्रतिशत र काका बसरूद्दीन अन्सारीको नाममा १० प्रतिशत शेयर रहेको र हाल सो शेयरमध्ये बुबाले आफूहरूको नाममा स्थानान्तरण गरेको बताए। ९० प्रतिशत शेयरबाट आफ्नो नाममा १५ प्रतिशत र नुसरतजहाँ अन्सारी, निखत यास्मिन, इशरतजहाँको नाममा १०–१० प्रतिशत शेयर कायम भएको र सोही अनुसार फागुन ४ गतेदेखि लागू हुनेगरी कम्पनी ऐन २०६३ र कम्पनी निर्देशिका २०७२ संशोधनसहित तीन सदस्यीय सञ्चालक समिति गठन भएको बताए ।


तस्वीरः प्रतीक
पत्रकार सम्मेलनमा डा नुसरतजहा र डा शाहनवाज । तस्वीरः प्रतीक

डा जैनुद्दीन अन्सारी अध्यक्ष, आफू प्रबन्ध सञ्चालक र नुसरतजहाँ अन्सारी सञ्चालक रहेको तीन सदस्यीय कमिटी बनेको र सोबाहेक अन्य कुरा फगत हल्ला भएको बताए । उनले काका बसरूद्दीन अध्यक्ष भएको र प्रबन्ध निर्देशक पनि कायम रहेको भनी केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमा आएका कुरामा सत्यता नभएको दाबी गरे । उनले डा जैनुद्दीन अध्यक्ष रहेको नेशनल मेडिकल कलेज वैधानिकरूपमा सञ्चालन भइरहेको बताएका थिए ।

काकाले पछिल्लो चरणमा धेरै अनियमितता गरेको र बुबाले सोबारे काकालाई सम्झाउने–बुझाउने काम गर्दा पनि नमानेपछि निजलाई पदीय जिम्मेवारीबाट हटाएको र यही झोंकमा काकाले बुबालाई ज्यान मार्नेसम्मको धम्की दिएको उनले बताए ।

काकाको धम्कीविरुद्ध जिल्ला प्रशासन कार्यालयमा उजूरी गरेको र सो उजूरी अहिले विचाराधीन अवस्थामा रहेको नयाँ प्रबन्ध सञ्चालक डा अन्सारीले बताए ।

नेशनल मेडिकल कलेजमा विगत तीन महीनादेखि दाजुभाइबीच अंश झगडा भइरहेको छ । यद्यपि दुवैबीच कानूनीरूपमा अंशबन्डा भने भइसकेको छ । बसरूद्दीनलाई कलेजबाट पदमुक्त गरिएपछि पनि उनी अहिलेसम्म आफ्नै कार्यालयमा डटेर बसेका छन् ।

यस अघि नेपाल मेडिकल कलेजबाट पनि बसरूद्दीनलाई एक महीना अघि पदमुक्त गरिएको थियो। सो पदमा पनि शेयरको आधारमा डा जैनुद्दीन अन्सारीले कार्यभार आफ्नो हातमा लिएका थिए ।

## सहमतिको दुई महीना बित्दा पनि सिम्रौनगढमा नगरसभा भएन

रामेश्वर मेहता, सिम्रौनगढ, १३ फागुन/

सिम्रौनगढ नगरपालिकाको नगरसभा अहिलेसम्म बस्न सकेको छैन। नगरसभा गत पुस १५ गते गरेर शिक्षक, स्वास्थ्यकर्मी र कर्मचारीहरूको तलब खुवाउने सहमति भएको थियो । तलब नपाएको भन्दै सामुदायिक विद्यालयका करार, अस्थायी, दैनिक ज्यालादारी र पछि स्थायी कर्मचारीहरूले आन्दोलन, धर्ना दिएर विवाद चर्किएको र सो क्रममा एकजनाको मृत्यु पनि भएपछि जिल्ला प्रशासन कार्यालय, बाराले विवाद साम्य पार्न दुवै पक्षलाई पुस १५ गतेको समयसीमा दिएर नगरसभा गरेर तलब भुक्तानी दिन सहमति गराएको थियो ।


तस्वीरः फाइल

सहमति गराएको पनि दुई महीना बितिसक्दा अहिलेसम्म नगरसभा हुन सकेको छैन र कर्मचारीहरूले तलब पाएका छैनन् । सामुदायिक विद्यालयहरूमा स्थायीबाहेक कर्मचारीहरूको सहभागिता न्यून छ । करीब दुई सयभन्दा बढी करार र दैनिक ज्यालादारीका शिक्षकहरू छन्। उनीहरूले १८ महीनादेखि तलब पाएका छैनन् ।

यसैगरी स्थायी कर्मचारीहरूले पनि सात महीनादेखि तलब पाउन सकेका छैनन् । एकजना वडा सदस्यले नगरसभाको लागि निरन्तर बैठक बसिरहेको तर अहिलेसम्म सहमति हुन नसकेको बताए । उनले दैनिक बैठक बसिरहेको तर सहमति हुन नसक्दा नगरसभा हुन नसकेको बताए ।

सिम्रौनगढ नपामा लोसपाबाट नगरप्रमुख, उपप्रमुख र दुईजना वडाध्यक्ष गरी तीनजना विजयी भएका छन् भने नेकपा एसबाट एकजना र नेपाली काङ्ग्रेसबाट आठजना वडाध्यक्षमा विजयी भएका छन् ।

नगरसभा नहुँदा नगरपालिका, अस्पताल, वडा कार्यालय, सामुदायिक विद्यालयहरूको अध्ययन लथालिङ्ग भताभुङ्ग अवस्थामा छ ।

प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले यस अघि सहमति गरिएको तर नगरसभा हुन नसकेको बताए। उनले नगरसभाको लागि पुनः आजभोलिमा सहमति गराउने र चाँडै कार्यान्वयनमा ल्याउने बताए ।

## नवीकरण नगराउँदा तीन सयजना सामाजिक सुरक्षा भत्ताबाट वञ्चित

प्रस, वीरगंज, १३ फागुन/

वीरगंज महानगरपालिकाका पौने


तस्वीरः फाइल

चारसयको हाराहारीमा सामाजिक सुरक्षा भत्ता लिनबाट वञ्चित भएका छन्। ३२ वटै वडा गरी चालू आवमा ३७१ जनाको सामाजिक सुरक्षा भत्ता कट्टा भएको सामाजिक विकास महाशाखाका प्रमुख माया थापाले बताइन् ।

उनले वडाबाट नवीकरण नगराएको र नवीकरण गराएकामध्येबाट पनि प्राविधिक कारणवश छुट हुन गएको सङ्ख्या ३७१ भएको बताइन् । यीमध्ये प्राविधिक कारणवश छुट भएका ७० जनाले भने भुक्तानी पाउने वातावरण बनेको बताइन् । उनले महानगरले कोलेनिका र कोलेनिकाबाट मन्त्रालयमा सिफारिश भएको र प्राविधिक कारणवश छुट भएका ७० जनाको रकम निकासा भएर आएको बताइन् ।

३७१ जनामध्ये ३०१ जनाको भने नवीकरण नगराइएको कारण छुट भएको बताइन्। सरकारले चार चरणमा तीन–तीन महीनाको अवधिमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ ।

पहिलो चरणमा नवीकरण नगराएकाहरूले पुनः नवीकरण गराउँदा दोस्रो चरणमा सो भत्ता पाउने र दोस्रो चरणमा पनि नगराएकाले तेस्रो र चौथो चरणको सामाजिक सुरक्षा भत्ता पाउने उनले प्रस्ट्याइन्। महाशाखा प्रमुख थापाले वीरगंज महानगरपालिकामा १४,४५६ जनाले सामाजिक सुरक्षा भत्ता पाइरहेको जानकारी गराइन् । ज्येष्ठ नागरिक ८१८६ जना, दलित ज्येष्ठ नागरिक ५८९, विधवा २२३८, पूर्ण अपाङ्ग ४३१, अति अशक्त अपाङ्ग ७७८ जना, दलित बालबालिका ९९७ जना र लोपोन्मुख ११ जना गरी १४,४५६ जनाले सामाजिक सुरक्षा भत्ता पाइरहेको र यो रकम वार्षिक १४,००,०५,६५६ रुपियाँ रहेको उनले बताइन् ।

अहिले सामाजिक सुरक्षा भत्ता बर्सेनि साउन–भदौसम्म नवीकरण गराउनुपर्ने प्रावधान रहेको र यस्तो गर्नेको खातामा स्वतः रकम जाने र सोको जानकारी इएफटीबाट सेवाग्राहीले लिन सक्ने बताइन्। सामाजिक सुरक्षा भत्ता आयो–आएन भन्ने विषयमा अब वडा कार्यालय र नगरपालिका धाउनु नपर्ने बताउँदै बैंकले इएफटीमार्फत सेवाग्राहीको मोबाइलमा जानकारी गराउने उनले बताइन् । खातामा गएको रकम जुनसुकै बेला झिक्न सकिने उनले बताइन् ।

## प्रतीक दैनिक राससको उत्कृष्ट सेवाग्राही


तस्वीरः सौजन्य

प्रस, वीरगंज, १३ फागुन/

राष्ट्रिय समाचार समिति (रासस)ले वीरगंजबाट प्रकाशित हुने राष्ट्रिय 'क' वर्गको प्रतीक दैनिकलाई सम्मानित गरेको छ । राससको ६३औं वार्षिकोत्सवको अवसरमा राजधानी बाहिरबाट प्रकाशित भइरहेको पत्रिकाहरूमध्ये प्रतीक दैनिकलाई पहिलोपटक सम्मानित गरेको राससका अध्यक्ष धर्मेन्द्र झाले बताए ।

राससका गतिविधिलाई प्राथमिकताको साथ प्रतीक दैनिकले प्रकाशन गर्दै आएकोमा यस वर्ष सम्मानित गरिएको उनले बताए। प्रतीक दैनिकका प्रबन्ध सम्पादक विकाश शर्मालाई आइतवार सिंहदरबार अगाडि रासस भवनमा खादा ओढाएर प्रमाणपत्र प्रदान गरिएको थियो ।

सो अवसरमा राससका महाप्रबन्धक सिद्धराज राई, सूचना अधिकारी शीतल महतो, बोर्ड सदस्य कृष्ण अधिकारी र रासस कर्मचारी सङ्घकी अध्यक्ष पवित्रा गुरागाईंलगायतको सहभागिता थियो ।

## गुजरा नपामा कार्यादेश र इस्टिमेटविना ढलान कार्य

प्रस, रौतहट, १२ फागुन/

रौतहटका केही नगरपालिकामा निर्माण कार्य सम्पन्न भएपछि इस्टिमेट तथा कार्य आदेश लिने गरिएको छ । नगर परिषद्बाट वडा, नगरप्रमुख र उपप्रमुखको बजेट विनियोजन भएको खण्डमा मनपरी ढङ्गले निर्माण कार्य गरी कार्यादेश तथा इस्टिमेट बनाउन लागेको गुनासो छ ।

गुजरा नगरपालिकाकी उपप्रमुख रत्ना लामाले इस्टिमेट र कार्यादेशविना विकास निर्माणको काम शुरू गरेकी छन् ।

गुजरा नपा–४ जङ्गलसहिया बजारमा उनले २० लाखको योजना छुट्याएर इस्टिमेट र कार्यादेशविना नै विकास निर्माण गरेको समाचार स्रोतको दाबी छ । उपप्रमुख लामा इस्टिमेट र कार्यआदेशविना नै विकास निर्माणको काम गर्न थालेपछि नगरपालिकाको प्राविधिक टोलीले सो काममा रोक लगाएको छ ।

उपप्रमुख लामाले अन्य शीर्षकको योजना कटौती गरी आफूलाई फाइदा हुने जङ्गलसहीया बजार क्षेत्रमा पिसिसी ढलान गराउन लागेको स्थानीयको भनाइ छ । इस्टिमेट र कार्यादेशविना काम शुरू गरेपछि स्थानीय बासिन्दा र बजार समितिले विरोध गरेको थियो। त्यसपछि नगरपालिकाको प्राविधिक टोलीले काम रोकेको छ ।

नगर प्रमुख सन्तलाल चौधरी, उपप्रमुख, वडाध्यक्षलगायत विभिन्न


तस्वीरः प्रतीक

राजनीतिक दलका शीर्ष नेता तथा समाजसेवीहरूको उपस्थितिमा बजार व्यवस्थापन समिति गठन भए तापनि समितिलाई बेवास्ता गरी उपप्रमुखले सो योजनाको शिलान्यास गरेकी छन् ।

उपप्रमुख लामाले बजारको बाटो रहेकोले वर्षात्को मौसममा काम गर्न अप्ठ्यारो हुने गरेकोले जनताको माग बमोजिम कार्य गर्न लगाएको बताइन् । उनले कार्यादेश तथा इस्टिमेट बनाएर योजनाको काम वर्षायाममा गर्दा गुणस्तरीय नहुने भन्दै जनताको माग बमोजिम योजना परिवर्तन गरी सूत्रले स्वीकृत गरेको हुनाले कार्य अगाडि बढाएको बताइन् । आफूले चुनावको बेलामा गरेको प्रतिबद्धता अनुरूप काम गरेको बताइन् ।

उनले विपक्षीहरूले काम नपाएर यस प्रकारको मुद्दा उठाएर दुःख दिन खोजेको उनको आरोप छ । निर्माण सम्पन्न भएपछि कामको प्राविधिक मूल्याङ्कन गरी बिल बनाउने बेलामा पनि इस्टिमेट बनाउन सकिने उनले बताइन्। इस्टिमेट बनाए पनि कामको मूल्याङ्कन हुने गरेको उनको भनाइ छ । आफू केही समय बाहिर गएकोले काम रोकिएको बताउँदै उनले भनिन्– भोलि गाउँ जाँदैछु निर्माण कार्य शुरू हुनेछ ।

## विचारसार र सूक्तिहरू

**इच्छित वस्तु प्राप्त गर्ने चाहना राख्नु राम्रो कुरा हो, तर प्राप्त कुरामा खुशी हुनु जीवनको पहिलो सफलता हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# अख्तियारमा सुधार आवश्यक

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रणका लागि गठन भएको हो । आयोग गठन भएको लामो समय भइसकेको छ तर पनि भ्रष्टाचार घट्नुको साटो बढ्दो छ । आयोग गठन भएको बखत यसको नामबाट भ्रष्टाचार गर्नेहरू डराउँथे । अहिले अख्तियारको डर कम भएको छ । आखिर किन यस्तो भएको हो भन्नेतर्फ पनि अनुसन्धान जरुरी छ । अपराध गरेपछि सजाय भुक्तानका लागि कारागार चलान गरिन्छ । कारागारमा सजाय भुक्तान गर्नेले आफूले गरेको कसूरबापत पछुतो गर्छ र बाहिर आएपछि असल नागरिक बन्ने प्रयास गर्छ भन्ने आम सोच हो । तर यस्तो हुन सकेको छैन । केन्द्रीय कारागारदेखि वीरगंज कारागारसम्मको कुरा गर्दा कुनै पनि अपराधमा सजाय भएर सजाय भुक्तान गरेका आधाभन्दा बढी झन् खुंखार भएर बाहिरिएको देखिएको छ । किनभने कारागारमा विभिन्न शीर्षकमा सजाय पाएका मानिसहरू लिङ्गको आधारमा दुईतर्फ सजाय भुक्तान गर्छन् महिला र पुरुषको रूपमा । यी दुई बाहेक सबै खाले कसूर गरेर कारागार पुगेकाहरूको बसाइ एकै प्रकारबाट हुँदै आएको छ । भौतिक संरचनाको अभावमा हाम्रा कारागारहरू पुरानो राणाकालीन अवस्थामा सञ्चालनमा आएदेखि खासै परिवर्तन भएको छैन ।**

**सबैखाले कैदीबन्दी एकैथलोमा बस्ने हुँदा जघन्य अपराध गरेका, आपराधिक गतिविधि सञ्चालन गर्दै आएका र सामान्य कसूर गरेका तथा परिबन्दका शिकार भएर कारागार चलान भएका सबैजना एकैथलोमा बस्दा पेशेवर अपराधीहरूको सङ्गतबाट बिग्रिएको घटना बेलाबखत सुन्नमा आएका छन् । हालको समयमा कारागारलाई बन्दी सुधार गृह नामाङ्कन गरिएको छ । तर बन्दी सुधार हुनुको साटो बाहिरिएपछि उनीहरूको गतिविधि सामान्यबाट पेशेवर अपराधीमा परिणत भएको पाइएको छ । १८ वर्ष मुनिका बालबालिकाहरूका लागि बालसुधार गृह स्थापना भएको छ । तर बालसुधार गृहमा पनि अहिले बाल अपराधका घटनाहरू एकपछि अर्कोगरी बाहिरिंदै छ । यसको कारण पनि बन्दी सुधार गृहझैं छ । सबै खाले बालबालिका एकै ब्लकमा राखिनु । व्यवस्क बालकबालिकाबाट हुने गतिविधि चाहेर नचाहेर नाबालिकहरूले अनुसरण गर्नुपर्ने हुन्छ, हैन भने उनीहरू त्यहाँ टिकी-बस्न सक्ने वातावरण हुँदैन । ठीक यही कुरा अख्तियारमा भएको छ । भ्रष्टाचार गरी टन्न कमाएका कर्मचारीहरू आफूले कमाएको जोगाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति सुदृढीकरण आयोग जस्ता भ्रष्टाचार विरोधी कार्यालयहरूमा भरिभराउ छन् । उनीहरू पछिल्ला समयमा आफ्ना गतिविधिहरूबाट गन्हाइसकेका छन् ।**

**सानातिना भ्रष्टाचारीलाई समाएर हल्ला पिटाएर सञ्चार माध्यममा आउनेभन्दा बढी काम गर्न सकेका छैनन् । मालपोत, नापी, भूमिसुधार, शिक्षक, दश हजारदेखि चार पाँच लाखसम्मको भ्रष्टाचारमा अल्झिएर अख्तियारले आफ्नो गरिमा घटाउँदै आएको छ । अहिले सबैभन्दा बढी देखिने गरी भ्रष्टाचार हुने क्षेत्र भनेको राजनीति हो । राजनीतिमा प्रवेश गरेकाको अकूत सम्पत्ति आम मानिसले झर्लङ्ग देखेपनि अख्तियारले देख्नै सकेको छैन, कारण त्यही राजनीतिक ओतमा बसेर आफ्नो दुनो सोझ्याउनुपरेको छ । तसर्थ अरूलाई अर्ती र उपदेश दिनुभन्दा अख्तियारले सर्वप्रथम आफूभीत्रबाट सुधार गर्नु आवश्यक छ । ठूलालाई कार्यवाही भएको खण्डमा सानाहरूको के मजाल कि भ्रष्टाचार गरून् !**

# जीवनमा खेलको महत्त्व

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**खेलसँग जोडिएको सर्वाधिक महत्त्वपूर्ण कुरा के हो भने यसमा बढी पैसा हुनेकै बच्चाले राम्रो खेल्न सक्छन् भन्ने पनि होइन । खेलकूदमा साधारण परिवारको बच्चाले पनि असाधारण प्रदर्शन गर्न सक्छ । अब पहिलेजस्तो मान्छेले खेल देखायो र दर्शकले पैसा फालेजस्तो कुरा पनि रहेन ।**

"मैले वाटरलूको युद्धमा जुन सफलता हासिल गरें त्यसको प्रशिक्षण ईटनको मैदानमा पाएँ ।" नेपोलियनलाई हराउने एडवर्ड नेल्सनको यो भनाइ खेलको महत्त्व दर्शाउन पर्याप्त छ । खेलले हामीलाई स्वस्थ राख्न मात्र योगदान गर्दैन, वर्तमान युगको सङ्कीर्णवादी सोचविरुद्ध हामीलाई निष्पक्ष, सहिष्णु र विनम्र बनाएर उपयोगी मानव संसाधनको रूपमा पनि परिवर्तित गर्दछ । खेलको महत्त्वलाई विश्वको प्रत्येक समाज र सभ्यताले स्वीकृति प्रदान गरेको छ । रामायण, महाभारतदेखि ग्रीकको रोमन दन्तकथाहरूमा हुने खेलको वर्णन यस कुराको प्रमाणको रूपमा स्थापित रहेको छ । यसबाहेक ओलम्पिकको प्रारम्भिक शुरूआतले के प्रस्ट गरेको छ भने खेलले संस्थागत महत्त्व पाएको छ ।

वर्तमान परिवेश र जीवनशैलीमा आज मानिस कैयन प्रकारका रोगले ग्रस्त भइरहेका छन् । यस परिवेशमा खेलको महत्त्व स्वयं प्रस्ट हुन जान्छ । खेलको माध्यमले हाम्रो दैनिकी नियमित हुनुका साथै उच्च रक्तचाप, मधुमेह, मोटोपना, हृदयरोगजस्ता बिरामीहरूको सम्भावना पनि न्यून गर्दछ । यसबाहेक खेलको माध्यमले आफूलाई चुस्तदुरुस्त राख्न पनि सहयोग प्राप्त हुन्छ जसले हामीलाई आफ्नो दायित्वको पालना गर्न ऊर्जावान् बनाउँछ ।

असल जीवन जिउनको लागि राम्रो स्वास्थ्य हुनु आवश्यक छ । जसरी शरीरलाई स्वस्थ र रोगरहित राख्न व्यायाम आवश्यक हुन्छ, त्यसैगरी खेलकूदको पनि स्वस्थ जीवनको लागि अत्यधिक महत्त्व छ । खेल केटाकेटी र युवायुवतीहरूको मानसिक तथा शारीरिक विकासका लागि अति आवश्यक छ । आजको नयाँ पुस्तामा किताबी ज्ञान सँगसँगै खेलप्रति रुचि जगाउनु पनि आवश्यक छ ।

जीवनमा खेलको धेरै महत्त्व छ । खेलले हाम्रो व्यक्तित्व तिखार्ने काम गर्छ । यसबाट हाम्रो मस्तिष्कको विकास हुन्छ । यसर्थ शिक्षा एवं रोजगारका लागि पनि यसले सहायक भूमिका निर्वाह गर्छ । यसले हाम्रो पाचनतन्त्रलाई ठीक राख्छ । खेलले रक्तसञ्चारमा पनि सहयोग गर्दछ र हाम्रो स्वास्थ्यलाई राम्रो बनाइराख्न मदत गर्छ । खेलले हामीलाई रोगमुक्त बनाउँछ । हामीभित्रको अल्छीपना दूर गर्छ । खेल हाम्रो व्यक्तित्व विकासमा पनि सहयोग गर्छ र हामीलाई आत्मनिर्भर र सफल बनाउँछ ।

परम्परागतरूपमा नेपालको मध्यम वर्गको धारणा रोजगारको दृष्टिकोणले खेलप्रति नकारात्मक रहेको छ । खेलकूदलाई मानिसको बौद्धिक विकास र रोजगार प्राप्तिमा बाधक ठान्दै भनिन्थ्यो "पढोगे-लिखोगे तो बनोगे नवाब, खेलोगे-कूदोगे तो होगे खराब ।" तर वर्तमानको बदलिंदो परिवेशले के प्रस्ट गरेको छ भने खेल मानिसको विकासमा सहायक बन्छ, बाधक होइन । तपाईं कुनै क्षेत्रमा लामो सङ्घर्ष र समय खर्चिएपछि मात्र एउटा चिनारी प्राप्त गर्न सक्नुहुन्छ तर तपाईंले कुनै खेल प्रतियोगितामा एउटा गोल हान्दैमा, एउटा चौका र छक्का लगाउँदैमा वा एउटा विकेट खसाल्दैमा आफ्नो विद्यालय वा क्लबका लागि मात्र हैन, खेल हेरिरहेका सबैका माझ चिनारी बन्छ । खेलले तपाईंलाई नाम दिन्छ । कुनै खेल विशेषसँग जोडिएर अव्वल काम गऱ्यो भने तपाईंको नामसँग जोडिएर त्यस खेलको नाम आउँछ । शैक्षणिक उपलब्धिबेगर सचिन तेन्दुलकरद्वारा आर्जित यश, सम्मान, धन, लोकप्रियता आदि यसको सुन्दर उदाहरण हो । भारतीय खेलाडी सचिन तेन्दुलकरले देशको सर्वोच्च सम्मान 'भारत रत्न' हासिल गर्नुले खेलको महत्त्वलाई दर्शाउँछ । आज विभिन्न देशका खेलाडीहरूले जुन सफलता र समृद्धि हासिल गरेका छन्, त्यसको सामु संस्थागत शिक्षाको प्रश्न गौण हुन्छ ।

नेपाल सरकारले पनि नेपाली खेलाडीहरूलाई कैंयन प्रकारले सम्मानित गर्दै आएको छ र खेलको विकासमा सराहनीय काम गर्दै आएको छ । आज क्रिकेटमा नेपाली खेलाडीहरूले नेपाललाई गौरवान्वित पारेका छन् । आज खेललाई नेपाली संस्कृति र एकताको प्रतीक मानिन्छ । खेलले हाम्रो प्रगतिलाई सुनिश्चित गरेर जीवनमा सफलता प्रदान गर्दछ ।

बच्चाहरूको व्यक्तित्व विकास र कल्याणमा खेलकूद तथा क्रीडाको प्रभावलाई नेपालका शिक्षाशास्त्रीहरूले केही हदसम्म उपेक्षा गरेको देखिन्छ । पाठ्यक्रममा खेलकूदलाई एउटा विषयको रूपमा स्वीकार गरिएको छैन । खेलकूदमा लागेका प्रतिभावान बालकहरूलाई विद्यालय तहदेखि नै प्रोत्साहन गर्न सकिएको छैन । प्रचलित धारणा अनुसार कुनै पनि व्यक्तिले जित्नका लागि खेल्छ तर बच्चाहरूको मामिलामा यो सत्य होइन । उनीहरू त खेलकूदमा रमाउँछन् । एकदम सानै उमेरका बालबालिकाहरू जीतहारबारे सोच्दैनन् । उनीहरूलाई त खेल्नु र रमाउनु नै राम्रो लाग्छ । तर जसैजसै ठूलो हुँदै जान्छन् उनीहरूमा प्रतिस्पर्धाको भावना भरिंदै जान्छ । त्यसबारे पनि चिन्तन भएको छैन ।

विद्यालयले कुन तहसम्म प्रतिस्पर्धाको भावना राख्नुपर्छ भन्नेबारे अध्ययन र मनन गरेकै छैन । शुरूआतमा व्यक्तित्व निर्माणका लागि केही अवधिसम्म बच्चाहरूलाई खेलको मज्जा लिन र मौजमस्ती गर्ने आजादी दिनुपर्छ । यस अवधिमा जीत र हारको कुनै महत्त्व हुनुहुँदैन । उसो त केही मानिसहरू भन्छन् बच्चाहरूमा पनि जीतहारको भावना जगाउनुपर्छ । उनीहरूको बुझाइ प्रतिस्पर्धायुक्त खेलले बच्चामा प्रतिस्पर्धाको उष्मा सञ्चय हुन्छ र ऊ उत्कृष्टतातर्फ लम्कन्छ । यसले उसमा सहज र स्वाभाविक तरीकाले सामर्थ्य सञ्चय गर्ने ढोका खुल्छ । यसले के देखाउँछ भने अहिलेको हाम्रो शिक्षा प्रणालीमा खेलकूदलाई फराकिलो तरीकाले जान्नेबुझ्ने काम हुनसकेको छैन ।

खासगरी खेलका केही पारम्परिक शत्रुहरू छन् । जस्तै दशौं कक्षाको जाँचलाई आयरन गेट भनेर हौवा खडा गरिएको छ, जसले गर्दा त्यस अवधिमा विद्यार्थी स्वयंले खेलकूद बन्द गरिसकेको हुन्छ । त्यसैगरी अर्को हौवा हो कोचिङ क्लास । बढी अङ्क हासिल गर्ने गोलचक्करमा विद्यालयपछि कोचिङ जानुपर्ने बाध्यताले खेलकूदको लागि समय निकाल्नै गाऱ्हो हुन्छ । जो खेलकूदमा अगाडि बढ्न चाहन्छ ऊ पनि कम अङ्क पाउने डरले अगाडि सर्दैन । यसैगरी तेस्रो शत्रु हो, सामाजिक मिडिया । सामाजिक मिडियाको क्षेत्रमा आएको क्रान्तिले गर्दा अब साथीहरू मात्र एक क्लिकको दूरीमा चौबीसै घण्टा उपलब्ध हुन्छन् । यसले पनि विद्यार्थीहरूलाई खेलकूदबाट टाढा लग्दै गएको छ ।

खेलकूदको अर्को उपयोगिता पनि छ । मित्रता बढाउन, एक अर्काप्रति सम्मान प्रकट गर्न, सहयोग जुटाउन, नाम कमाउन, राष्ट्रिय प्रतिष्ठा आर्जन गर्न, सम्पत्ति आर्जन गर्न वा कैरियरको रूपमा त्यसलाई स्वीकार गर्न पनि खेलकूद उपयोगी हुन सक्छ । एउटा देश अर्को देशसँग, एउटा संस्था अर्को संस्थासँग एउटा गाउँ अर्को गाउँसँग मित्रता साझेदारी गर्न खेलकूद प्रतियोगिता आयोजना गर्छन् । यसलाई कूटनीतिक भाषामा भन्नुपर्दा ट्रैक २ डिप्लोमेसी भन्छन् । दुई संस्था वा देशबीच सम्बन्धको पुनर्निर्माणमा खेलकूद आधारशिला बनेर आउँछ । खेलकूदबाट परिस्थिति सामान्य हुन्छ । संवादको ढोका खुल्छ । एकले अर्काप्रति सम्मान गरेको ठहर्छ । त्यसैले खेलाडीहरूलाई विनामान-पत्रको राजदूत पनि भनिन्छ ।

खेल अबको समयमा केवल नाम र सुन्दर वृत्ति विकासको अवसर मात्र रहेन । यो छोटो समयमा बढी पैसा कमाउने एटिएम मेशीन पनि भएको छ । त्यसैले खेलसँग पैसोको कुरो पनि जोडिएको छ । अर्को कुरा खेलसँग जोडिएको सर्वाधिक महत्त्वपूर्ण कुरा के हो भने यसमा बढी पैसा हुनेकै बच्चाले राम्रो खेल्न सक्छन् भन्ने पनि होइन । खेलकूदमा साधारण परिवारको बच्चाले पनि असाधारण प्रदर्शन गर्न सक्छ । अब पहिलेजस्तो मान्छेले खेल देखायो र दर्शकले पैसा फालेजस्तो कुरा पनि रहेन । अब त पहिलेदेखि नै कुन खेल प्रतियोगितामा खेल्दा कति रकम पाइन्छ भन्ने कुरा निश्चित हुन थालेको छ । यसर्थ अब के भन्न सकिन्छ भने "खेलोगे-कूदोगे तो होगे नवाब ।"

यसबाट के प्रस्ट हुन्छ भने खेल मात्र स्वास्थ्यको लागि नभई रोजगार, यश र सम्मान प्राप्तिका लागि पनि उपयोगी छ । खेलद्वारा राजनीतिक लक्ष्य पनि हासिल गर्न सकिन्छ । कैयन देशहरूमा के पनि देख्नमा आएको छ भने खेलको अप्रत्यक्ष सम्बन्ध देश विकाससँग पनि रहेको छ । वर्तमान समयमा खेलप्रति मानिसको दृष्टिकोणमा पनि परिवर्तन भएको छ । खेल हामीलाई कैयन प्रकारले शिक्षित पनि गर्दछ । यसबाट मानवीय मूल्य र सामूहिक चेतनाको विकास हुन्छ । खेलले नेतृत्व कलाको विकास गर्छ । खेलले रचनात्मकतालाई बढाउँछ । खेलको सन्दर्भमा नकारात्मक पक्ष के हो भने मनोरञ्जनको नयाँ साधन र कैरियरको भागदौडले खेलको मैदानमा हुने भागदौड कम गरिदिएको छ । साना-ठूला सबैले आज मोबाइललाई नै खेल र मनोरञ्जनको साधन बनाएका छन् । परिणामस्वरूप आज देशको ठूलो जनसङ्ख्या खेल मैदानबाट गायब छ । यी कारणहरूले गर्दा खेल आफ्नो उच्च भावना र उद्देश्यसहित हाम्रो देशको मानिसबीच पुग्न सकिरहेको छैन । आधुनिक युगको यस नयाँ खेल र मनोरञ्जनले मानिसमा एकाकीपन र मानसिक विकृति जन्माइरहेको छ ।

यी सबै कुराको आलोकमा भन्न खोजिएको के हो भने खेलको महत्त्व बुझ । कक्षा कोठाबाट बाहिर आऊ । खेल मैदानलाई पनि पाठ्यक्रमसँग जोड र अगाडि बढ । जो राम्ररी खेल्न सक्छ, जसले राम्रो प्रदर्शन गर्न सक्छ उसको विकास यात्रा कहिल्यै रोकिंदैन । ऊ बढ्दै जान्छ । लम्कँदै हिंड्छ । उसको नाम, प्रतिष्ठा र दाम सबै अघिंदै जान्छ । यस अर्थमा बच्चाहरूलाई खेल्न प्रेरित गरौं, खेल्ने वातावरण दिउँ । बच्चालाई खेलकूदमा रम्न र रमाउन दिउँ । यसको शुरूआत घरबाट गरौं । अनि हेरौं खेललाई टेवा दिने सबैको नाम र अनुहार कसरी चम्किन्छ ।

# गोदाममा थन्कियो ७५ करोडको दूध र घ्यू

चितवन, १३ फागुन/रासस

भरतपुर महानगरपालिका-१ ठिमुरामा रहेको चितवन मिल्क उद्योग गत माघ २२ गतेदेखि बन्द छ । प्रशोधन गरिएको नौनी घ्यू (बटर) र धूलो दूध बिक्री नभएर भण्डारण गर्ने ठाउँ नभएपछि उद्योग बन्द भएको हो ।

उद्योगले डेरी, सहकारी र व्यावसायिक फर्महरूको दूध भाडामा प्रशोधन गर्ने गरेको थियो । पछिल्लो समय दूध ल्याएका संस्थाले प्रशोधित दुग्धजन्य पदार्थ बिक्री नभएर लैजान छोडेपछि भण्डारमा थन्किएको उद्योगका प्रबन्धक दुर्गा पराजुलीले जानकारी दिए ।

उनका अनुसार रु ७५ करोडभन्दा बढीको प्रशोधन गरिएका नौनी र धूलो दूध भण्डारणमा थन्किएको छ । पाँच सय टन नौनी घ्यू भण्डारणमा रहेको भन्दै उनले उद्योगमा ३०० र ५०/५० टनका तीनवटा कोल्डस्टोर तथा तिनका चार प्यासेज घ्यूले भरिएका जानकारी दिए ।

"उद्योगले १५ किलोको घ्यूका प्याकेट निर्माण गर्ने गर्दछ । तिनलाई चाङ लगाएर कोल्डस्टोरमा राखिएको छ"-प्रबन्धक दुर्गा पराजुलीले भने-"घ्यू कोल्डस्टोरमा माइनस २० डिग्री सेन्टिग्रेट तापक्रममा राख्नुपर्ने हुन्छ । विद्युत् आपूर्ति नहुँदा जेनेरेटर चलाउनुपरेका छ ।"

उद्योग बन्द भएपनि झन्डै रु १६ लाखको बिजुली र रु १० लाख हाराहारीको डिजेल खर्च हुने गरेको उनले जानकारी दिए । योसँगै उद्योग सञ्चालन हुँदा रु ४० लाख हाराहारीको भुस प्रयोग हुने गरेको उनको भनाइ छ ।

प्रशोधन गरिएको घ्यू रु सात सय हाराहारी प्रतिकिलोमा बिक्री हुने गरेको छ । ठाउँ अनुसार प्रशोधन गरेका संस्थाले दररेट तय गर्ने गर्दछन् । यस हिसाबले पनि रु ४० करोडभन्दा बढीको घ्यू भण्डारणमा रहेको पराजुलीले बताए । उनका अनुसार २० हजार बोरा पाउडर दूध भण्डारण गरेर राखिएको छ ।

"एक बोरामा २५ किलो हुन्छ । दूध प्रतिकिलो रु सात सय हाराहारीमा बिक्री हुने गरेको छ । खुद्रा बिक्री हुँदा दररेट संस्थाले केही बढी तय गर्ने गरेका छन् । यसरी हेर्दा रु ३५ करोडभन्दा बढीको पाउडर दूध भण्डारणमा छ"-उद्योगका प्रबन्धक पराजुलीले भने । उनका अनुसार प्रशोधित दूध बिक्री नहुँदा किसानले भुक्तानी पाएका छैनन् भने उद्योगले प्रशोधन शुल्क पाउन सकेको छैन ।

पाउडर दूधले गोदाम, क्यान्टिन, घ्यू तथा दही बनाउने ठाउँ, चिनीको गोदाम, कपडा फेर्ने ठाउँ सबै भरिएका पराजुलीको भनाइ छ । डेरी उद्योग र सहकारीलाई सामान लैजान ताकेता गरिरहेको भए पनि नलगेपछि उद्योग सञ्चालन गर्नै नसकेर बन्द गरिएको उनले बताए ।

विसं २०६४ मा स्थापना गरिएको उक्त उद्योग भूकम्पसँगै बन्द भएको थियो । विसं २०७५ देखि उद्योगले डेरी र सहकारीको दूध शुल्क लिएर प्रशोधन गरिरहेको छ । प्रतिलिटर पाउडर दूध रु ११३ र घ्यू (बटर) प्रतिकिलो रु ५५ लिएर उद्योगले प्रशोधन गर्ने गरेको छ ।

एकतीसवटा डेरी उद्योग, निजी फर्म र सहकारीको दूध भण्डार भएर बसेको छ । उत्पादित सामग्री बिक्री हुन नसकेपछि उद्योग आर्थिकरूपमा समेत समस्यामा परेको छ । प्रशोधनसमेत रोकिएपछि 'मिल्क होलिडे'को सम्भावना बढेर गएको भन्दै किसान चिन्तित भएका छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# मधेस प्रदेश: उन्नाइस लाख बालबालिकालाई दादुराविरुद्धको खोप

जनकपुरधाम, १३ फागुन/रासस

सरकारले आजदेखि शुरू गरेको दादुरा–रुबेलाविरुद्ध खोप अभियान अन्तर्गत मधेस प्रदेशका आठ जिल्लाका १९,४७,१४२ जना बालबालिकालाई खोप लगाइने भएको छ।



तस्वीरः रासस

आज जनकपुरधाम उपमहानगरपालिका– २३ स्थित श्रीराम लक्ष्मण राष्ट्रिय प्राथमिक विद्यालय केन्द्रबाट उपमहानगरप्रमुख मनोजकुमार साह र मधेस प्रदेश स्वास्थ्य निर्देशनालयका प्रमुख डा राजीवकुमार झाले खोप अभियानको शुभारम्भ गरे।

त्यस अवसरमा निर्देशनालय प्रमुख झाले मधेस प्रदेशका आठ जिल्लामा नौ महीनादेखि १५ वर्ष उमेर समूहका १९ लाख ४७ हजार एक सय ४२ जनालाई खोप लगाइने जानकारी दिए। राष्ट्रिय अभियान अन्तर्गत आजदेखि चैत ७ गतेसम्म प्रदेशका १३६ पालिकाका सबै १,०७१ वडामा ११,३४६ केन्द्रबाट खोप लगाउने व्यवस्था गरिएको जानकारी दिए। त्यसका लागि १५,५८४ खोप कार्यकर्ता र त्यति नै सङ्ख्यामा स्वयंसेवक परिचालन गरिएको पनि उनले बताए।

त्यस्तै स्वास्थ्य निर्देशनालयमा १० मात्रा भएको दुई लाख ५१ हजार सात सय ९८ भाइल, २१ लाख ९४ हजार सिरिन्ज र २१ लाख ९६ हजार घोलक सिरिन्ज नेपाल सरकारकारमार्फत प्राप्त भएको पनि जानकारी दिइयो।

अभियान सफल पार्न सरकारबाट जिल्लास्तरमा खोप कार्यक्रम सञ्चालनका निम्ति रु छ करोड ८९ लाख १८ हजार र स्वास्थ्य निर्देशनालयलाई कार्यक्रम गर्न रु दुई लाख १३ हजार नौ सय प्राप्त भएको पनि निर्देशनालयले जनाएको छ।

जनकपुरधाम उपमहानगर प्रमुख साहले मधेस प्रदेशका जिल्लाहरू दादुरा–रुबेलाको जोखिममा रहेकाले अभियानबाट लाभ लिन नगरवासीलाई आग्रह गरे। सरकारले सन् २०२६ सम्म नेपालबाट दादुरा–रुबेला रोग उन्मूलन गर्ने लक्ष्यका साथ अभियान शुरू गरेकोले ढुक्क भएर आफ्ना बालबालिकालाई नजीकको खोप केन्द्रमा लैजान अनुरोध गरे।

यसैगरी स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले आजदेखि देशव्यापीरूपमा राष्ट्रिय दादुरा–रुबेला खोप अभियान २०८०–८१ को शुभारम्भ गरेका छन्।

भक्तपुरको सानोठिमीस्थित आदर्श माध्यमिक विद्यालयमा आज स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आयोजना गरेको अभियान उद्घाटन कार्यक्रममा मन्त्री बस्नेतले स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख अस्मिता ओझालाई खोप तथा खोप सामग्री हस्तान्तरण गरी देशभर एकैसाथ अभियानको उद्घाटन गरे।

मन्त्री बस्नेतले सन् २०२६ भित्र नेपालबाट दादुरा–रुबेला उन्मूलन गर्ने सरकारको लक्ष्य हासिल गर्न देशभरका स्वास्थ्यकर्मी, स्वयंसेविका, स्थानीय तह र सरोकारवाला निकायले साथ र सहयोग गर्न आग्रह गरे।

आजदेखि शुरू भई चैत ७ गतेसम्म सञ्चालन हुने यो अभियान प्रभावकारी ढङ्गले देशैभरि सञ्चालन हुनेमा आफू विश्वस्त रहेको भन्दै उनले कर्मचारीलाई इमानदारीपूर्वक काम गर्न आग्रह गरे। अभियानको शुभारम्भ मध्यपुरथिमिबाट भएको भन्दै उनले भक्तपुरले यहीं अभियानमा शतप्रतिशत खोप लगाएर देशकै नमूना जिल्ला बन्न जोड दिए।

तराई र काठमाडौं उपत्यका दादुरा–रुबेलाको उच्च जोखिममा रहेको भन्दै मन्त्री बस्नेतले पहिले खोप लगाएकाले पनि पुनः खोप लगाउन र खोप लगाउन छुटेकालाई पनि पहिचान गरेर खोप लगाउन निर्देशन दिए।

मन्त्री बस्नेतले भने–"यो खतरनाक रोग हो। यसबाट बालबालिकाको मृत्यु पनि हुन सक्छ, एकजना बिरामीले १८ जनालाई रोग सार्न सक्छ। विद्यालयबाट यो रोगको सङ्क्रमण फैलिए महामारीको रूप लिन्छ। त्यसैले शिक्षा दिने थलो विद्यालयबाटै यो अभियान शुरू गरेका छौं, नियमित खोप लगाएकाहरूले पनि यो खोप दिनुपर्छ।"

खोप लगाउनुपर्छ भन्नेबारे अझै पनि जनचेतनाको कमी रहेकोले स्थानीय तहले जनचेतना जगाउँदै विद्यालय, टोल र आवश्यक परे घरघरमा गएर भए पनि खोप लगाएर अभियानलाई पूर्णता दिन उनले आह्वान गरे। मन्त्रालय एक्लै लागेर अभियान सफल हुँदैन भन्दै उनले सरोकारवाला सबै निकायको साथ र सहयोग आवश्यक रहेको बताए।

आफू स्वाथ्यमन्त्री भएर आएपछि स्वास्थ्यको क्षेत्रमा स्थानीय, प्रदेश र सङ्घीय सरकारबीच त्रिकोणात्मक समन्वय गराएर काम गरिरहेको भन्दै सरकारको लक्ष्य पूरा गर्न स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुने मन्त्री बस्नेतले बताए। उनले शहरी क्षेत्रमा बसाइँ सरेर आएका र जानेमा खोप लगाउन ध्यान केन्द्रित गर्दै शतप्रतिशत खोपको सुनिश्चितता गर्न जोड दिंदै अभियान सफल पार्न सबै निकायलाई आग्रह गरे।

कार्यक्रममा भक्तपुरका सङ्घीय सांसद दुर्लभ थापाले खोप अभियानलाई सफल पार्न स्थानीय तह र जनप्रतिनिधिको भूमिका महत्त्वपूर्ण रहने भएकोले यी निकाय सक्रिय हुनुपर्ने बताए।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका निमित्त सचिव डा दीपेन्द्ररमण सिंहले दादुरा–रुबेला निवारण गर्ने सरकारको लक्ष्य हासिल गर्ने क्रममा चार प्रतिशत बालबालिकामा खोप लगाउन छुटेको र रोग पनि देखा परेपछि अभियान सञ्चालन गर्नुपरेको बताए। खोप लगाउन छुटेको, बढी जनसङ्ख्या भएका क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर अब खोप लगाउन कोही नछुट्नेगरी अभियान शुरू भएको बताए।

स्वाथ्य सेवा विभागकी महानिर्देशक डा सङ्गीता कौशल मिश्रले सरकारले २०२३ मै दादुरा–रुबेला निवारणको लक्ष्य राखे पनि विभिन्न कारणले सम्भव नभएको भन्दै २०२६ मा यो लक्ष्य प्राप्त गर्नुपर्ने बताइन्।

उनले भनिन्–"यो लक्ष्य प्राप्ति नगर्दा राज्यको करोडौं लगानी खेर जान्छ, त्यसैले यो अभियानमा ५७ लाख ५० हजार बालबालिकालाई खोप पुऱ्याउने छौं, अझै चार प्रतिशत बालबालिकामा नियमित खोपसमेत पुग्न सकेको छैन, ती छुटेका बालबालिकालाई पनि अभियानमैं सबै खोप पुऱ्याउँछौं।"

अभियानमा उच्च राजनीतिक प्रतिबद्धतासमेत आएकाले अभियान सफल हुनेमा ढुक्क रहेको भन्दै उनले स्वास्थ्य संस्थाका कर्मचारी र स्वयंसेविकालाई पूरा शक्ति लगाएर काम गर्न निर्देशन दिए। कार्यक्रममा मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले कतिपय अभिभावकको व्यस्तता र बसाइँसराइले समस्या देखिएको भन्दै नगरपालिकाले घरघरमैं पुगेर खोप लगाउने व्यवस्था गरेको बताए।

चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले आउँदो २०८१ सालभित्र चाँगुनारायणलाई पूर्ण खोप सुनिश्चितता नगर घोषणा गर्ने चरणमा रहेको भन्दै सरकारको अभियान सफल पार्ने बताए।

देशको ७२ जिल्ला पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा भइसके पनि बाँकी पाँच जिल्लालाई पनि घोषणा गर्ने गरी प्रयत्न भइरहेको बताइएको छ। कार्यक्रममा युनिसेफ नेपालकी प्रतिनिधि एलिश अकुंगा, विश्व स्वास्थ्य सङ्गठनका आवासीय प्रतिनिधि डा राजेश सम्भाजीराव पाण्डवले नेपाल सरकारले शुरू गरेको अभियान पूरा हुनेमा विश्वस्त

(बाँकी पाँचौं पातामा)


घोंगीफोर चराको बथानः बेलौरी नगरपालिकास्थित पुरैनामा रूखमा बसेको घोंगीफोर चराको बथान। यो चरा बथानमा सीमसार क्षेत्रमा बस्न रूचाउने गर्दछ। तस्बिर : राजेन्द्रप्रसाद पनेरू/रासस

# मेडिकल कलेज प्रशासनले गऱ्यो सातजना कर्मचारीलाई कारबाई

प्रस,परवानीपुर,१३ फागुन/

नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल वीरगंजको नया व्यवस्थापन समूहले तत्कालीन प्रबन्ध निर्देशक बसरूद्दीन अन्सारीका निकटतम सातजना कर्मचारीलाई कारबाई गरेको छ।

नेशनल मेडिकल कलेजले आज एक सूचना प्रकाशित गर्दै सातजना कर्मचारीहरूलाई कर्मचारी आचरण विपरीत काम गरेको भन्दै सात दिन भित्र स्पष्टीकरण सोधिएको छ भने तीन महीनाको लागि उनीहरूलाई निलम्बन गरिएको जानकारी गराइएको छ। नेशनल मेडिकल कलेजमा कार्यरत कर्मचारीहरू हृदयनारायण सिंह, प्रयाग राउत अहिर, फिरोज हवारी, सैनुल्लाह अन्सारी, विजयप्रसाद यादव, रामजीप्रसाद कुशवाहा र अनवर हवारीलाई कारबाई गरिएको हो।

कलेजका नया प्रमुख प्रशासकीय अधिकृत शेख गौशल आजमद्वारा हस्ताक्षरित सूचनामा उनीहरूलाई कारबाई गरिएको जनाइएको छ। फागुन ११ गते अस्पतालकी नर्सिङ निर्देशक पदमा कार्यरत गङ्गादेवी गुरुङ, नर्सिङ मेट्रोन पदमा कार्यरत विकासकुमार तथा नर्सिङ सुपरभाइजर गोमा केसीलाई निजहरूकै



तस्वीरः फाइल

कार्यकक्षमा युनियनसम्बन्धी विवाद हुँदा डर, त्रास, धम्की दिई ज्यान मार्नेसम्मको डर देखाई कार्यालयमा हुलहुज्जत गरेकोले श्रम ऐन२०७४ को दफा १३१(क) बमोजिम खराब आचरण देखाएकोले सो दफा अनुसार किन नहटाउने भन्दै स्पष्टीकरण सोधिएको छ।

कारबाईमा परेका कार्मचारीहरूले युनियन दर्ता भएर प्रक्रियामा रहेकोले कर्मचारीहरूको एकता तोड्न आफूहरूलाई कारबाई गरिएको आरोप लगाएका छन्।

यस विषयमा श्रम ऐन अनुसार कानूनी लडाइँ लड्ने उनीहरूले जानकारी गराएका छन्।

# क्यान्सर अस्पतालमा 'डे केयर' बिरामीका लागि छुट्टै फार्मेसी

नारायणगढ (चितवन), १३ फागुन/रासस

अस्पतालमा औषधि पाइएन भन्ने बिरामी तथा सेवाग्राहीको गुनासो बढेपछि बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा फार्मेसी सेवालाई व्यवस्थित बनाइएको छ।

फार्मेसी सेवालाई व्यवस्थित गर्न क्यान्सर उपचारमा अत्यावश्यक मानिएको किमो (क्यान्सर कोषलाई नष्ट गर्न प्रयोग गरिने औषधि) लगायत विभिन्न छ सयभन्दा बढी औषधिसहित अस्पताल थप फार्मेसी सञ्चालनको तयारीमा रहेको छ।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलका अनुसार हाल अस्पतालभित्र दुई ठाउँबाट फार्मेसी सेवा दिइँदै आएको छ। उनले 'डे केयर' बिरामीका लागि थप फार्मेसी सञ्चालनको तयारी भइरहेको जानकारी दिए। "डे केयरमा दैनिक किमोथेरापी गर्नका लागि मात्रै एक सयभन्दा बढी बिरामी आउनुहुन्छ"–उनले भने–"उहाँहरूको उपचार सहज गर्नका लागि किमोथेरापी गर्ने स्थानमा नै फार्मेसी सञ्चालन गर्न सकियो भने बिरामीलाई थप सुविधा हुन्छ।"

जनशक्तिको अभाव पूर्ति गरेर छिट्टै थप फार्मेसी सञ्चालन गरिने पौडेलले बताए। "अस्पतालको गुनासो पेटीकामा हेर्दै गर्दा बिरामीका विभिन्न समस्यामध्ये औषधि पाइएन भन्ने गुनासो धेरै थियो"–उनले भने–"सम्पूर्ण औषधिको खरीद सार्वजनिक खरीद ऐन अनुसार बोलपत्र आह्वान गरी गराइगरेका छौं। फार्मेसीमा औषधिको अभाव हुन दिएका छैनौं।"

आवश्यक किमोथेरापीका सम्पूर्ण औषधि, जनरल औषधि, एन्टिबायोटिक, दुःखाइ कम गर्ने र सर्जिकल सामग्रीसहितका करीब छ सयभन्दा बढी औषधि फार्मेसीमा हाल उपलब्ध रहेको पौडेलले जानकारी दिए। उनका अनुसार अस्पतालमा सर्जिकल अङ्कोलोजी, मेडिकल



कङ्कोलोजी, रेडिएसन अङ्कोलोजी, प्याथोलोजी, रेडियोडायग्नोसिस, इमेजिङ, न्युक्लियर मेडिसिन, एनेस्थेसियोलोजी, प्यालिएटिभलगायत सेवा उपलब्ध छन्।

पेट सिटी स्क्यानसँगै साइक्लोटोन उत्पादन र बोनम्यारो प्रत्यारोपण परियोजना छिट्टै सञ्चालन गर्ने तयारीमा अस्पताल रहेको कार्यकारी निर्देशक डा पौडेलले जानकारी दिए।

# सिम्रौनगढमा आँखा र दाँत शिविर सम्पन्न




प्रस, सिम्रौनगढ, १३ फागुन/

बाराको सिम्रौनगढ नगरपालिका–६ कङ्काली माविको प्राङ्गणमा निश्शुल्क दाँत तथा आँखा शिविर शनिवार सम्पन्न भएको छ।

साना किसान कृषि सहकारी संस्थालिको आयोजनामा भएको शिविरमा ९७५ जनाको आँखा र दाँत परीक्षण गरी औषधि वितरण गरिएको थियो। शिविरमा ७४५ जनाले आँखा र २३० जनाले दाँत परीक्षण गराएकोमा २३४ जनामा मोतियाबिन्दु देखिएको वीरगंज आँखा अस्पतालको डा. चन्दन बनर्जीले बताए।

शिविरमा डा शिवा केसी, राहुल गुप्ता, अनवर अली, मिथलेश गुप्ता, शोहेल अलीलगायतले आँखा र दाँत परीक्षण गरेको साना किसान कृषि सहकारी संस्था सिम्रौनगढका प्रबन्धक दिलीपकुमार कर्णले जानकारी दिएका छन्।

# अध्यागमन विभागद्वारा अनलाइनमार्फत 'रूट परमिट' जारी

काठमाडौं, १३ फागुन/रासस

अध्यागमन विभागले निषेधित क्षेत्रमा जाने स्वदेशी तथा विदेशी पर्यटकका लागि विद्युतीय प्रणाली (अनलाइन) मार्फत रूट परमिट जारी गरेको छ।

ट्रेकिङ एजेन्सीज एसोसिएशन अफ नेपाल (टान)को पहलमा विभागले निषेधित क्षेत्रमा घुम्न जाने पर्यटकलाई अनुमतिपत्र प्राप्त गर्ने प्रक्रिया सहज बनाउनका लागि विद्युतीय माध्यमबाट 'रूट परमिट' लिन सकिने व्यवस्था गरेको हो। निषेधित क्षेत्रमा जाने पर्यटकलाई यस अघि अध्यागमन विभागले कागजी प्रक्रियाबाट मात्र अनुमतिपत्र प्रदान गर्दै आएकोमा गत हप्तादेखि भने विद्युतीय माध्यममार्फत रूट परमिट दिने व्यवस्था मिलाएको टानका महासचिव विनोद सापकोटाले जानकारी दिए।

उनका अनुसार म्याजिकल नेपाल प्रालिमार्फत तीनजना चिनियाँ नागरिकको अनलाइन माध्यममार्फत रूट परमिट जारी गरिएको छ। अनलाइनमार्फत रूट जारी हुने चिनियाँ नागरिकमा बिङ सी, छिछि पिङ, विनहुवा लुओ छन्। अनलाइनमार्फत रूट परमिट दिने व्यवस्था भएसँगै अब मुस्ताङको माथिल्लो भाग, डोल्पाको माथिल्लो भाग, गोरखाको मनास्लु क्षेत्रका चुम र नुब्री भ्याली, हुम्ला जिल्लाको सिमकोट, चङ्खेली र नाम्खा साथै ताप्लेजुङको कञ्चनजङ्गा क्षेत्र जाने पर्यटकलाई सहज हुने भएको छ।

टानका अध्यक्ष नीलहरि बास्तोलाले निषेधित क्षेत्रको परमिट अनलाइनमार्फत गर्दा पदयात्रा पर्यटक व्यवसायीलाई सहज हुने जानकारी दिए। "पर्यटकलाई जति धेरै सहजता दिन सक्यो त्यति नै धेरै पर्यटक नेपाल घुम्नका लागि आउँछन्, उक्त अनलाइन सेवाले पर्यटन व्यवसायीलाई सहयोग पुग्ने विश्वास मैले लिएको छु"–उनले भने।

अध्यागमन विभागका निमित्त महानिर्देशक कृष्णबहादुर कटुवालले अनलाइन प्रणालीमार्फत परमिट खुला गरेसँगै लामो समय लगाएर प्राप्त गरिने प्रक्रिया अन्त्य भएको बताए। उक्त प्रणालीसँगै पर्यटकले अब सहजरूपमा आफ्नो कम्पनी तथा व्यक्तिगत खाताबाट 'क्युआर पेमेन्ट' गरी सहज तरीकाले परमिट लिन सक्ने उनको भनाइ छ।

# हाडजोर्नीको उपचार सरल भएको भारतीय वरिष्ठ अर्थोसर्जन शर्माको भनाइ

एकराज पाठक
काठमाडौं, १२ फागुन/रासस

भारतीय अर्थोपेडिक एसोसिएशनका अध्यक्ष तथा वरिष्ठ अर्थोपेडिक सर्जन प्रा डा राजीव के शर्माले हाडजोर्नी सम्बन्धी रोगको उपचार अब सरल एवं सामान्य हुँदै गएको बताएका छन् ।

नयाँ दिल्लीस्थित अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स), एपोलो हस्पिटल नयाँ दिल्लीलगायतमा हाडजोर्नीसम्बन्धी फ्याकल्टी तथा सर्जनका रूपमा समेत काम गरिसकेका प्रा डा शर्मा अर्थोपेडिक सर्जनहरूको एक 'कन्फ्रेन्स' का लागि हालै काठमाडौं आएका बेला हामीले यस विषयमा जिज्ञासा राखेका थियौं ।

कुराकानीका क्रममा उनले भने– "मानवीय हाडजोर्नी तथा हड्डीसम्बन्धी रोगको उपचार अब पहिलेजस्तो जटिल छैन, सामान्य हुँदै गएको छ । अहिले शरीरका हाडजोर्नी, घुँडाको अत्याधुनिक मेडिकल प्रविधि प्रयोग गरेर सफल प्रत्यारोपण (ट्रान्सप्लान्ट) गर्न या फेर्न (रिप्लेस्मेन्ट) सकिन्छ । मेडिकल अनुसन्धान तथा प्रविधिले धेरै कुरा सफल र सम्भव तुल्याइदिएको छ ।

ज्वाइन्ट रिप्लेस्मेन्ट सर्जन डा शर्माले केही वर्ष अघि ९४ वर्षीय वृद्धको हिप प्रत्यारोपण गरेको प्रसङ्ग सुनाउँदै भने– "बालबालिका र यो उमेरका वृद्धवृद्धामा पनि ज्वाइन्ट रिप्लेस्मेन्ट हामीले गरिरहेका छौं, हामी सफल भइरहेका छौं, जटिलता देखिएको छैन । पहिले त यो उमेरका बिरामीमा प्रत्यारोपण गरौ कि नगरौ भन्ने पनि भयो । बिरामीको पनि गरिदिए हुनथ्यो भन्ने चाहना थियो। मैले नै 'रिप्लेस्मेन्ट' गरें, सफल पनि भयो । वर्षौंसम्म आफैंले फलोअप गरें । 'रिप्लेस' गरिएको अङ्गमा कुनै समस्या आएन, ठीक रहनुभयो । म पनि निकै खुशी भएँ ।"

पहिले यस्ता समस्याहरू शल्यक्रिया गरेर निको पार्ने प्रयास गरिन्थ्यो । त्योभन्दा अहिलेको यो रिप्लेस्मेन्ट या प्रत्यारोपण 'एड्भान्स' हुँदै गयो, यो ठीक भएको छ । उनको आशय थियो अहिले बालबालिकादेखि वृद्धवृद्धाहरूसम्ममा जोर्नी प्रत्यारोपण सम्भव मात्र होइन, सामान्य हुँदै गएको छ । मानिसहरू प्रत्यारोपणका लागि तयार भए भने मेडिकल प्रविधि चुस्त दुरुस्त छ । मात्र चिकित्सकको दक्ष हात चाहिन्छ ।

तर मानिसहरू अझै पनि अङ्ग प्रत्यारोपण गर्ने काममा आशङ्का गर्ने गरेको आफूले पाएको उनको भनाइ छ। "मानिसहरू अहिले पनि प्रत्यारोपण गर्ने अर्थात् कुनै पनि अङ्ग फेर्ने काम सफल हुँदैन भनी सोच्ने गर्दछन्। त्यसैले उनीहरू शुरूमा त तयार पनि हुँदैनन्"–प्रा डा शर्मा भन्छन्–"अङ्गको प्रत्यारोपणपछि सङ्क्रमण हुन्छ या जटिलता उत्पन्न हुन्छ भन्ने मानिसहरू बताउने गर्दछन् । तर त्यसो नभएर अहिले यस क्षेत्रमा धेरै सफलता प्राप्त भइरहेको छ । त्यसप्रति आम नागरिकमा सचेतनाको आवश्यकता मैले देखेको छु ।"

त्यस्तै दुःखाइ बढी हुने, यसरी प्रत्यारोपण गरिएको अङ्गको दिगोपना कम हुने अर्थात् पटक–पटक प्रत्यारोपण गर्नुपर्ने अवस्था पनि आउन सक्ने तर्क गर्ने गरेका कारण मानिसहरू जोर्नी प्रत्यारोपणका लागि तयार नहुने गरेको आफूले पाएको उनको भनाइ छ । पछिल्लो समय निकै 'एडभान्स' प्रविधि आएकोले ती प्रविधिको प्रयोग गरेर कुनै पनि दक्ष चिकित्सकले नदुखाइ र सफलरूपमा जोर्नी प्रत्यारोपण गर्न सक्ने उनी बताउँछन्। हाल मुलचन्द हस्पिटल नयाँ दिल्लीमा ज्वाइन्ट रिप्लेस्मेन्ट विज्ञका रूपमा कार्यरत उनले हाडजोर्नीसम्बन्धी समस्या लिएर आउने आफूकहाँ आउने कुनै पनि बिरामी निको नभई नफर्कने दाबी गर्छन् । जोर्नी प्रत्यारोपण गरिएका बिरामीलाई आफूले २० वर्षसम्म 'फलो' गरेको र उनीहरूमा कुनै समस्या नदेखिएको पनि उनको भनाइ छ ।


वरिष्ठ अर्थोपेडिक सर्जन प्रा डा राजीव के शर्मा। तस्वीरः रासस

सुनिन्छ, हिजोआज मानिसका हाड कमजोर हुँदै गएका छन् । सानातिना ठाउँबाट सामान्य किसिमले लड्दा पनि हाड भाँचिने गरेको सुनिनछ, यस्तो किन हुन्छ ? हाम्रो प्रश्नमा उनको उत्तर छ– "मानिसहरू दिन प्रतिदिन आफैंले आफ्ना हाड कमजोर बनाइरहेका छन् ।"

कसरी ? उनी भन्छन्–"पहिलो कुरा त खानपान नै हो । मानिसमा पछिल्लो समय मीठो अर्थात स्वादिलो मात्र खान खोज्ने र सुख अर्थात् आरामदायी जीवनको खोजीका कारण उसको शरीर नै रोगको घर बनिरहेको छ। हाड र जोर्नीमा पनि यो लागू हुन्छ। मानिसको आफ्नै आनीबानी र खानपिनले हड्डी कमजोर हुँदै गएको देखेका छौं। पछिल्लो समय यो अवस्था झन् बढ्दो छ ।"

धेरै खाना र बजारिया अस्वस्थकर खाना (जङ्क फूड तथा फास्ट फूड) ले शरीरमा धेरै प्रकारका रोग भित्र्याएपछि त्यसले पनि हाडलाई कमजोर पारेको उनको भनाइ छ । मानिसमा पछिल्लो समय बढ्दो मोटोपनाले पनि हाडलाई कमजोर बनाएको र हाडजोर्नीमा समस्या देखिने गरेको उनी बताउँछन्। शरीरमा बढ्दो मासुको भार पनि हाडले नै बोक्नु परेको छ। मोटोपनको भार शरीरको हाडमा परेको छ र यसले पनि हाड कमजोर बनाउँदै गएको छ। जस्तो कि शरीरमा अत्यधिक मोटोपन छ भने शरीरको त्यो वजनको भार घुँडाले धान्नुपर्दछ । यसले शरीरको भार बढाइरहेको छ र हाडलाई कमजोर बनाइरहेको छ ।

शर्मा भन्छन्–"मानिसमा शारीरिक व्यायामको कमी हुँदै गएको छ र 'टेबल वर्क कल्चर' बढ्दो छ। यसरी मानिसको शरीरका हाडहरू खुम्चिएर रहनुपरिरहेको अवस्था छ । शरीर चलायमान हुन सकेन र हाडलाई आवश्यक अभ्यास पुगेन । यस कारण पनि हाड कमजोर बन्दै गएको छ । त्यसैगरी आवश्यक पोषण एवं क्याल्सियमको कमीले पनि मानिसका हडडी कमजोर बनाएको छ । अनि मानिसहरू व्यस्तताका कारण घाममा बस्न छोडिसकेका छन्। यी सब भारतका मात्र नभएर नेपाल तथा समग्र दक्षिण एशियाकै साझा समस्यामा पर्दछन्। यस्तै कारणले नै मानिसको शरीर र शरीरसँगै उसका हड्डी र जोर्नीहरू कमजोर बन्दै गएका छन् ।

उनका अनुसार धूमपान हाड कमजोर पार्ने अर्को प्रमुख कारण बनेको छ । त्यसैगरी पछिल्लो समय व्यायामशाला जाने जुन प्रचलन शुरू भएको छ, यो पनि हाडजोर्नीका लागि स्वस्थकर नभएको उनको भनाइ छ । "शरीरको हाड र जोर्नीका लागि सबैभन्दा राम्रो व्यायाम त 'साइक्लिङ' र 'स्वीमिङ' हो, यो 'जिम कल्चर' पनि त्यति राम्रो होइन"–उनले भने ।

हाडजोर्नीसम्बन्धी रोगको निदानका उपाय के होलान् त ? उनको सुझाव छ– "सरकारहरूले हाडजोर्नीसम्बन्धी रोगको उपचारलाई सबै सर्वसाधारणको पहुँचमा पुग्नेगरी विस्तार गर्नुपर्छ । नागरिकको स्वास्थ्य बीमामार्फत कार्डको व्यवस्था गर्नु राम्रो हुन्छ। भारतमा वर्षमा निश्चित रकमको उपचार कार्ड नागरिकलाई दिइएको छ । नेपाललगायत देशका सरकारले पनि यस्तो व्यवस्था गर्न सक्छन्। योभन्दा पनि महत्त्वपूर्ण त शिक्षा हो । शिक्षाका माध्यमबाट हाडजोर्नीसम्बन्धी रोग निदानको नीति अख्तियार गर्न सकिन्छ । यससम्बन्धी शिक्षा र पछिल्लो समयमा विकसित प्रविधि र उपचार विधिका विषयमा तालिमलगायत कार्यक्रममा लगानी गरेर दक्ष जनशक्ति उत्पादन गर्नु आवश्यक छ। हाडजोर्नीसम्बन्धी रोग र यसबारे नागरिकमा आवश्यक चेतना जागृत गराउनु पनि आवश्यक छ ।"

भारतका एक प्रतिष्ठित चिकित्सकका छोरा डा शर्मा अर्थोको एमएस अध्ययनमा स्वर्णपदक प्राप्त छन्। अर्थोपेडिक क्षेत्रमा ३२ वर्षको अनुभव सङ्गालेका उनले अहिलेसम्म १५ हजारभन्दा बढी जोर्नी प्रत्यारोपण गरिसकेका छन्। उनी उत्तरी भारतमा घुँडाको 'कम्प्युटर नेभिगेटेड अर्थोप्लास्टी' गर्ने पहिलो चिकित्सक पनि हुन् । सन् २००५ मा उनले कम्प्युटरको माध्यमबाट घुँडाको सो उपचार गरेका थिए। उनले करीब एक हजार घुँडाको अर्थोप्लास्टी गरेका छन् भने घुँडामात्र तीन हजार प्रत्यारोपण गरेका छन् ।

नेपालका पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको हिपको प्रत्यारोपण पनि उनले नै गरेका थिए । क्यान्सरका कारण हिपमा समस्या देखिएपछि पूर्वराष्ट्रपति भण्डारीको हिप प्रत्यारोपण गरिएको थियो ।

डा शर्मा नेपालमा हाडजोर्नीसम्बन्धी उपचारका पनि सहयोगी छन् । जोरपाटीस्थित अर्थोपेडिक अस्पतालका मेडिकल डाइरेक्टर डा कैलाश भण्डारीका अनुसार डा शर्माले सो अस्पताललाई समयसमयमा सहयोग गर्दै आएका छन् । सो अस्पतालका साथै नेपालका यस क्षेत्रका चिकित्सकहरूलाई उनले विकसित पछिल्लो प्रविधि र उपचार विधिबारे तालीम प्रदान गर्दै आएका छन्। त्यसैले नेपाल सरकारले उनलाई केही वर्ष अघि नेपालका सहयोगी एवं ख्यातिप्राप्त विदेशी नागरिकलाई प्रदान गरिने जनसेवाश्री पदकबाट सम्मान गरेको थियो ।

विश्वका विभिन्न देशमा भिजिटिङ प्रोफेसरका रूपमा आफ्ना अनुभवहरू प्रस्तुत गर्दै आएका डा शर्मा नेपालमा शिक्षा र चेतनाको स्तर बढेको देख्छन्। "धेरै वर्षदेखि म नेपाल आइरहेको छु। यहाँ शिक्षाको विकास उल्लेखनीय छ । नेपाली नागरिकमा बढ्दो शैक्षिक र चेतनाको स्तर प्रशंसनीय छ। यस कुराले मलाई खुशी लाग्छ । यो देश र यहाँका नागरिकको भविष्य राम्रो छ"–उनी भन्छन् ।


टौदहः कीर्तिपुर नगरपालिका– १८, दक्षिणकाली जानेबाटोमा रहेको टौदहको आकाशबाट देखिएको दृश्य। टौदहको लम्बाइ करीब ५०० मिटर र ४०० मिटर चौडाइ तथा ६ मिटर गहिराइ रहेको उल्लेख छ। तस्बिर : रत्न श्रेष्ठ

## फरक समाचार

# बच्चालाई पाकेट मनी दिनुको फाइदा

बालबालिकालाई राम्रो संस्कार दिने चाहना हरेक अभिभावकको हुन्छ । किनभने राम्रो आचरण र संस्कारबाट नै बच्चाको जीवन सफल हुन्छ। अभिभावकले प्रायः त्यस्तो बानी सिकाउँदैनन् जसले बालबालिकाको भविष्य खराब होस्। केही यस्ता बानीहरू पनि छन् जसबारे अभिभावकले गलत सोच्छन्। तर त्यो बच्चाको भविष्यको लागि सही पनि हुन सक्छ । त्यसैमध्ये हो, पाकेट-मनी । अभिभावकका अनुसार बालबालिकालाई पाकेट मनी दिंदा उनीहरू बिग्रिन्नन्, तर यस्तो हुँदैन। यदि सही तरीकाले र आवश्यकता ध्यानमा राखेर बच्चालाई पाकेटमनी दिने बानी बसाल्यो भने त्यो भविष्यको लागि निकै फाइदाजनक हुन्छ । बालबालिकालाई पाकेट मनी दिंदा निम्न फाइदा हुन्छ ।



**पैसाको व्यवस्थापन गर्न सिक्छः** जब अभिभावकले छोराछोरीलाई पाकेट मनी दिन शुरू गर्छन् तब उनीहरूलाई यही डर रहन्छ कि कतै पैसा व्यर्थमा खर्च त हुँदैन ? तर बच्चाले पैसा त्यतिबेला व्यर्थमा खर्च गर्छ, जब तपाईं उसलाई बढी पाकेट मनी दिनुहुन्छ। त्यसकारण बच्चालाई न बढी, न कम, सन्तुलित मात्रामा पैसा दिनुपर्छ र पैसाको व्यवस्थापन गर्न पनि सिकाउनुपर्छ । बचत उनीहरूको जीवनमा निकै काम लाग्छ ।

**बचत गर्ने बानीः** जब बच्चाले पाकेट मनी बढी पाउँछ भने उसले व्यर्थमा खर्च गर्न पनि सक्छ तर तपाईंले उचित पैसा बच्चालाई दिनुहुन्छ भने बिस्तारै बिस्तारै उसले पैसाको व्यवस्थापन गर्न सिक्छ। बच्चालाई पैसा बचत गर्ने तरीका पनि सिकाउनुपर्छ। यसो गर्दा भविष्यमा बचतको पैसा काम लाग्छ र भविष्यमा सफल व्यक्ति बन्न सक्छ ।

**गलतीबाट सिक्नेः** जब बच्चाले पहिलोपटक अभिभावकबाट पाकेट मनी पाउँछ तब शुरूमा उसले केही गलती गर्न सक्छ तर बिस्तारैबिस्तारै बच्चाले कुरा र पैसाको मूल्य बुझ्न थाल्छ। आफूले गरेको गलतीबाट पाठ सिकेर उसले पैसाको व्यवस्थापन गर्न र पैसाको महत्त्व बुझ्न थाल्छ। बालबालिकालाई उचित मात्रामा पैसा दिनुपर्छ जसबाट उसले गलती गर्न नसकोस् ।

**पैसाको सही प्रयोगः** बच्चाले पाकेट मनी पाउन थालेपछि बिस्तारैबिस्तारै उसले पैसाको सही प्रयोग गर्न सिक्न थाल्छ। पैसाको सही प्रयोग गर्न थालेपछि उसलाई भविष्यमा पैसाको सही उपयोग गर्न कुनै समस्या हुँदैन। भविष्यमा उसले कम पैसाबाट ठूलो कार्य गर्न सक्छ र बढीभन्दा बढी पैसा बचाएर जीवनमा आउने कठिनाईको लागि पैसा सुरक्षित राख्न सक्छ ।

# तीन आयुर्वेदिक औषधि जसले हृदयघात रोक्न सक्छ

गत वर्षदेखि अचानक हृदयघातको घटना बढिरहेको छ। हृदयघातबाट मृत्यु -
हुनेहरूको सङ्ख्या पि
बढिरहेको छ। स्वस्थ व्यक्ति
जसले चुरोट, रक्सी, सुर्
केही खाँदैन उ पि
हृदयघातको शिकार भएक
छ। तसर्थ आजभोलि मुटुक
रक्षा गर्न स्वस्थ आहार
दिनचर्या अँगाल्नुपर्छ
आयुर्वेदविज्ञ डा दीक्ष
भावसार सावलियाले मु
स्वस्थ राख्ने खानेकुरा र
आयुर्वेदिक औषधिबारे जानकारी गराएकी छन् ।



आयुर्वेदमा यस्ता थुप्रै जडीबुटीहरू छन् जसले हृदयघात रोक्नुको साथै रक्तचाप पनि नियन्त्रित गर्छ। ब्याड कोलेस्ट्रल रोक्नुको साथै ट्राइग्लिसराइड्सलाई पनि कम गर्न मदत गर्छ । यसको नियमित सेवन गरेपछि मुटुलाई स्वस्थ राख्न सकिन्छ।

**लसुनः** भान्सामा लसुन सजिलै पाइन्छ । आयुर्वेदमा पनि लसुनको स्थान महत्त्वपूर्ण छ। लसुन शक्तिशाली एन्टिएजिङ मसला हो। आयुर्वेद अनुसार यो हृदयको लागि कुनै टनिकभन्दा कम छैन। यसको सेवनबाट तपाईंको मुटु सक्रिय रहन्छ र रक्त सञ्चार सही ढङ्गले हुन्छ । लसुनको नियमित सेवनबाट रक्तवाहिकाभित्र कोलेस्ट्रोल जम्मा भएको छ भने यो कम हुन्छ । लसुनमा भिटामिन सी र बी ६, म्याग्निज, सेलेनियम पाइन्छ। लसुनमा एलिसिन नामक रसायन हुन्छ । एलिसिन एक प्रकारको एन्टिअक्सिडेन्ट हो जसले हृदयलाई सुरक्षा दिन्छ ।

एउटा सानो टुक्रा लसुनको कलीलाई कुच्याएर खाली पेट वा खाना खानुभन्दा पहिले खानुपर्छ। नियमित आठदेखि १२ हप्तासम्म लसुन खाएपछि यसको असर तपाईंले देख्न सक्नुहुन्छ ।

**अनारः** आयुर्वेदमा मुटुलाई चुस्त राख्नको लागि अनार सबैभन्दा राम्रो फल मानिएको छ । नियमित अनारको सेवन गर्दा ट्राइग्लिसराइड्स र एलडिएल अर्थात् बैड कोलेस्ट्रालको स्तरमा निकै कम हुन्छ । यसले मुटुसँग सम्बन्धित रोगबाट पनि बचाउँछ। अनारले शरीरमा राम्रो कोलेस्ट्रोलको स्तर बढाउन पनि मदत गर्छ। बिहान अनारको सेवन गर्नुपर्छ। प्रतिदिन खान सक्नुहुँदैन भने सातामा कमसेकम दुई–तीनपटक बिहानी समयमा अनारको सेवन गर्दा मुटु बलियो हुन्छ।

**अर्जुनको बोक्राः** आयुर्वेदमा अर्जुनको बोक्रालाई मुटुको लागि सबैभन्दा राम्रो जडीबुटी मानिएको छ। कार्डियो टनिकका रूपमा काम गर्ने यसको प्रकृति चीसो हुन्छ। पचाउन सजिलो हुने अर्जुनको बोक्राले शरीरबाट कोलेस्ट्रोल कम गर्न मदत गर्छ । मुटुलाई स्वस्थ राख्छ । रक्तचाप र ब्लड सुगरको सन्तुलन बनाइराख्न मदत गर्छ। यसले कफ र पित्त दोष पनि हटाउँछ। रगतलाई शुद्ध गर्छ, जसले गर्दा तपाईंको छाला पनि गोरो हुन्छ ।

१०० मिलिमिटर पानी वा दूधमा पाँच ग्राम अर्जुनको बोक्राको धूलो मिसाएर त्यति बेलासम्म उमाल्नुस् जबसम्म त्यो आधा हुँदैन । त्यसपछि यो पानीलाई छानेर राति सुत्ने बेलामा वा खाना खानुभन्दा एक घण्टा पहिले सेवन गर्नुहोस् ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इजरायलद्वारा युद्धविराम वार्तामा आगामी कदमबारे छलफल

जेरूसेलम, १३ फागुन/एएफपी

इजरायलको युद्ध क्याबिनेटले हमाससँग भएको युद्धमा बन्धक सम्झौता र युद्धविरामका लागि वार्ता गर्ने सम्बन्धमा आगामी कदमबारे छलफल गरेको छ।

बन्धक सम्झौताबारे नयाँ वार्ताका लागि पेरिस पुगेको इजरायली प्रतिनिधिमण्डल शनिवार राति देशको युद्ध क्याबिनेटलाई छलफलका क्रममा उठेका सवाल जवाफबारे जानकारी गराउन फर्केको सरकारी तथा स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

राष्ट्रिय सुरक्षा सल्लाहकार जाची हानेग्बीले बैठक अघि टेलिभिजनमा दिएको अन्तर्वार्तामा 'प्रतिनिधिमण्डल पेरिसबाट फर्केको र सम्भवतः सहमतितर्फ अघि बढ्ने ठाउँ रहेको' बताएका थिए।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बैठकमा 'वार्तामा आगामी कदम' बारे छलफल हुने बताएका छन्।

वार्तालाई निरन्तरता दिन आगामी दिनमा कतारमा प्रतिनिधिमण्डल पठाउने सहमति भएपछि बैठक सम्पन्न भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

गत नोभेम्बरमा भएको एक साता लामो युद्धविराममा १०० भन्दा बढी बन्धक मुक्त गरिएजस्तै कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाले पनि सम्झौताका लागि प्रयास गर्न नेतृत्व लिइरहेका छन्।

बन्दीहरूलाई घर फर्काउन सरकारमाथि घरेलु दबाब पनि निरन्तर बढिरहेको छ, शनिवार राति तेल अविवमा हजारौंको सङ्ख्यामा भेला भएका बन्धक तथा अन्य बन्दीहरूका आफन्तले छिटै निष्कर्षमा पुग्न माग गरेका छन्।

"हामी हाम्रा प्यारा आफन्तजनलाई जस्तोसुकै अवस्थामा होस् छिट्टै फिर्ता ल्याउन तपाईहरूसँग भनिरहेका छौं"–४५ वर्षीय अविवित याब्लोन्काले भने। याब्लोन्काकी बहिनी हनानलाई अक्टोबर ७ मा अपहरण गरिएको थियो।

तेल अविवमा पनि सरकार विरोधी प्रदर्शनकारीहरू सडकमा उत्रेका थिए र नेतन्याहूको सरकारलाई राजीनामा दिन माग गरेका थिए। अधिकारीहरूले उनीहरूलाई तितरबितर पार्न पानीको फोहोरा र ठूलो सङ्ख्यामा सुरक्षाकर्मी तैनाथ गर्नुपरेको थियो।

"उनीहरू (सरकारी अधिकारी)ले हाम्रो लागि सही बाटो रोजेका छैनन्। चाहे त्यो अर्थ व्यवस्था होस्, चाहे हाम्रा छिमेकीहरूसँगको शान्ति होस्"–५४ वर्षीय सफ्टवेयर कम्पनीका प्रमुख कार्यकारी अधिकृत मोती कुशनरले सरकारको आलोचना गर्दै भने।

उनले थपे–"यस्तो लाग्छ उनीहरू कहिल्यै पनि युद्ध अन्त्य गर्न चाहँदैनन्।"

**बढ्दो हताशा**

घेराबन्दीमा परेको गाजापट्टीमा चार महीनाभन्दा बढी समयदेखि खाद्यान्न अभाव भएपछि विश्व खाद्य कार्यक्रमले यसै साता आफ्नो टोलीले 'अकल्पनीय स्तरको निराशा' देखाएको बताएको छ भने संयुक्त राष्ट्रसङ्घले २२ लाख मानिस अनिकालको सँघारमा पुगेको चेतावनी दिएको छ।

उत्तरी गाजाको जबालिया शरणार्थी शिविरमा बालबालिकाले प्लास्टिकका भाँडाकुँडा र खाना पकाउने भाँडाहरू समातेर राखेका दयनीय तस्वीर सामाजिक सञ्जाल र सञ्चारमाध्यममा भाइरल बनेका छन्।

बम विस्फोटका कारण सहायता एजेन्सीहरू त्यस क्षेत्रमा प्रवेश गर्न असमर्थ भएका कारण आपूर्ति सेवाहरू अवरुद्धजस्तै भएका छन्। भोक–तीर्खा मेट्नकै लागि चोरी र डाँकाजनीका घटनाहरू बढेका छन्। सीमित मात्रामा सहायता लिई गाजा क्षेत्रमा प्रवेश गरेका ट्रक र कन्टेनरहरूले भोकभोकै परेका गाजावासीको उन्मादी लुटपाटको सामना गरिरहेका छन्। रासस

## कम्बोडियाका पूर्वप्रधानमन्त्री हुन सेन अग्रिम पङ्क्तिको राजनीतिमा फिर्ता

न्पोमपेन्ह, १३ फागुन/एएफपी

कम्बोडियाली अधिकारीहरूले आइतवार सिनेट निर्वाचनमा मतदान गरेका छन्। निर्वाचनबाट पूर्वनेता हुन सेनका लागि गत वर्ष प्रधानमन्त्रीका रूपमा पद छाडेपछि आधिकारिकरूपमा राजनीतिमा फर्कने मञ्च तयार भएको छ।

करीब चार दशकको कट्टरपन्थी शासनपछि हुन सेनले गत अगस्तमा भएको राष्ट्रिय निर्वाचनमा कुनै ठूलो अवरोधविना आफ्ना जेठा छोरा हुन मानेटलाई सत्ता सुम्पेका थिए। सो बेला हुन सेनले आफूले राजीनामा दिए पनि अझै पनि प्रभाव कायम राख्ने मनसाय स्पष्ट पारेका थिए।

एकहत्तर वर्षीय विधायक तथा सत्तारूढ दलका प्रमुखले मुलुकको माथिल्लो सदन, सिनेटको एक सिटका लागि आइतवार बिहान तखमाओ शहरमा आफ्नो घर नजीकै मतदान गरे। उनले सिनेटको अध्यक्ष बन्ने मनसाय रहेको बताएका छन्। यसबाट राजा विदेशमा हुँदा उनलाई राज्यका प्रमुखका रूपमा काम गर्ने अनुमति प्राप्त हुनेछ।

सोही मतदान केन्द्रमा मतदान गरेका पार्षद् छिम वानारिथले उक्त कदमको स्वागत गरे। "यदि उनले सिनेटको नेतृत्व गरे भने हाम्रो मुलुक अझ विकसित र शान्तिपूर्ण हुनेछ"–उनले भने।

निर्वाचनमा हुन सेनको सत्तारूढ कम्बोडियन पिपुल्स पार्टी (सिपिपी), रोयलिस्ट फनसिनपेक पार्टी र अन्य दुई साना विपक्षी दलसहित चार राजनीतिक दलले भाग लिइरहेका छन्। बैसठ्ठी सिटको सिनेटमध्ये ५८ सिटमा १२५ सांसद र ११ हजारभन्दा धेरै स्थानीय प्रशासकले मतदान गर्नेछन्। राजा नोरोदोम सिहामोनीले दुई सिनेटर र राष्ट्रियसभाले अन्य दुई सिनेटर नियुक्ति गर्नेछन्।

धेरैजसो योग्य मतदाता सिपिपीका सदस्य छन्। उनीहरूले गत निर्वाचनमा सिनेटमा क्लिन स्वीप गरेका थिए। यसबाट हुन सेनको जीत करीब निश्चित भएको छ।

"यो हुन परिवारको शक्ति अझ बलियो भएको सङ्केत हो"–'हुन सेन्स कम्बोडिया' का लेखक सेबस्टियन स्ट्राङ्जियोले भने–"पद सम्भावित प्रतिद्वन्द्वीको हातमा नजाओस् भन्ने सुनिश्चित गर्नु राम्रो हुन्छ।" सिनेटका अध्यक्ष बनेपछि उनका छोराको रक्षा हुने र परिवारको नियन्त्रण कमजोर हुनबाट रोक्न सकिने स्ट्राङ्जियोले बताए।

राष्ट्रिय निर्वाचन समितिलाई आधिकारिक नतीजा प्रकाशित गर्न केही साता लाग्ने अनुमान गरिएको छ। यद्यपि राजधानी न्होमपेन्हका मतदाता हुन सेनलाई पुनः सत्तामा हेर्न चाहन्थे। कम्युन प्रमुख ओउ साइफनले भने–"उहाँसँग ठूलो अनुभव छ त्यसैले यदि उहाँले सिनेटको नेतृत्व गर्नुभयो भने हाम्रो मुलुक समृद्ध हुनेछ।"

सांसदहरूले हुन सेनका कान्छा छोरा हुन मैनीलाई उपप्रधानमन्त्रीका रूपमा मन्जुरी दिएपछि सिनेटको निर्वाचन भएको हो। सरकारमा अहिले हुन सेनका धेरै नातेदार सामेल छन्। उनका सहयोगीहरूका धेरै छोराछोरी पनि शीर्ष पदमा छन्।

सन् १९८५ सत्तामा आएपछि हुन सेनले गृहयुद्ध र नरसंहारबाट ध्वस्त मुलुकको आधुनिकीकरणमा सहयोग गरे। हुनत आलोचकहरूले उनको शासनकालमा पर्यावरण विनाश, भ्रष्टाचार र करीब सबै राजनीतिक प्रतिद्वन्द्वी समाप्त भएको पनि बताएका छन्। रासस

## जापानले भूकम्प पीडितका लागि थप ६६ करोड डलर खर्च गर्ने

टोकियो, १३ फागुन/एएफपी

जापानले भूकम्पले क्षति पुर्‍याएका क्षेत्रको पुनः निर्माणका लागि थप ६६ करोड अमेरिकी डलर खर्च गर्ने योजना सार्वजनिक गरेको छ।

जापानका प्रधानमन्त्री फुमियाँ किशिदाले भूकम्पले क्षति पुर्‍याएका क्षेत्रको पुनःनिर्माणमा उक्त रकम खर्च गर्ने बताएका छन्। उनले शनिवार भूकम्प प्रभावित क्षेत्रको निरीक्षणपछि नयाँ आर्थिक सहायता घोषणा गरेका हुन्।

सन् २०२४ जनवरी १ मा गएको ७.५ म्याग्निच्युडको भूकम्प र त्यसपछिका पराकम्पनले जापानको समुद्री तटमा रहेको इशिकावा क्षेत्रको केही भाग तहसनहस बनाएको थियो।

भूकम्पका कारण धेरै भवन र सडक भत्केका थिए भने विशाल आगलागी समेत भएको थियो।

भूकम्पमा परी अहिलेसम्म २४१ जनाको मृत्यु भएको पुष्टि भएको छ भने १० हजारभन्दा बढी मानिस शिविर र होटलमा शरण लिइरहेका छन्। इशिकावाका केही भागमा अझै पनि खानेपानीको सेवा सहज हुन नसकेको बताइएको छ।

"अस्थायी आश्रयस्थलमा बस्ने अवस्थामा सुधार भइरहेको छ, तर म यो कुरा मनमा राख्नेछु कि वास्तविकता पहिलेजस्तै कठिन छ"–किशिदाले सबैभन्दा बढी प्रभावित शहर वाजिमामा पत्रकारहरूसँग भने।

"निरीक्षणले थप सहयोग प्रदान गर्ने दिशामा काम गर्ने सरकारको दृढतालाई पुनः पुष्टि गरेको छ"– उनले भने।

किशिदाले चालू आर्थिक वर्षको सञ्चित कोषबाट करीब १०० अर्ब येन (६६ करोड अमेरिकी डलर) को अतिरिक्त खर्चलाई आगामी दिनमा आफ्नो क्याबिनेटले अनुमोदन गर्ने बताए।

यो नयाँ वर्षको दिनको भूकम्पबाट पुनरुत्थानको प्रयासका लागि आपतकालीन कोषको तेस्रो विनियोजन हो, जुन रकम अब कुल २६० अर्ब येन (१.७ अर्ब डलर) भन्दा बढी हुने अपेक्षा गरिएको छ।

किशिदाले भने–"नवीनतम कोषहरू अनुदान प्रणालीको वित्त पोषणका लागि डिजाइन गरिएको छ जसले युवा र बालबालिका पालन गर्ने परिवारहरूलाई उनीहरूको ध्वस्त घर पुनर्निर्माण गर्न मदत गर्दछ।"

प्रधानमन्त्री किशिदाले पूर्वनिर्मित अस्थायी आवास निर्माणका लागि भइरहेको प्रयासलाई तीव्रता दिइने र वाजिमाको परम्परागत कलाकृति उद्योगका लागि थप सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

भूकम्पका कारण इशिकावा र दुई छिमेकी क्षेत्रमा १.१ ट्रिलियन येन (७.४ अर्ब डलर) देखि २.६ ट्रिलियन येन (१७.६ अर्ब डलर) को क्षति भएको सरकारी अनुमान छ।

तर सन् २०११ मा उत्तरपूर्वी जापानमा गएको भूकम्प र सुनामीका कारण भएको १६.९ ट्रिलियन येनको क्षतिभन्दा यो अनुमान निकै कम हो।

त्यस विपत्तिमा लगभग १८ हजार ५०० मानिसको मृत्यु भएको वा बेपत्ता भएका थिए। यसले फुकुशिमा आणविक केन्द्रमा विपत्ती निम्त्यायो, जुन चेर्नोबिलपछिको विश्वको सबैभन्दा खराब आणविक दुर्घटना थियो। रासस

### राष्ट्रिय....

रहेको बताइन्।

**यस्तो छ अभियान**

दादुरा–रुबेलाको उच्च जोखिममा रहेका तराईका २१ र काठमाडौं उपत्यकाका तीन गरी २४ जिल्लामा नौ महीनादेखि १५ वर्षमुनिका बालबालिका र बाँकी ५१ जिल्लामा नौ महीनादेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई खोप लगाइने छ।

कार्यक्रममा बाल स्वास्थ्य तथा खोप शाखा एवं परिवार कल्याण महाशाखा प्रमुख डा अभियान गौतमले नौ महीनादेखि पाँच वर्षमुनिका २१,३०,६८३ बालबालिका र पाँच वर्षदेखि १५ वर्षमुनिका ३६,१२,३१० बालबालिका गरी ५७,४२,९९३ बालबालिकालाई खोप लगाउने लक्ष्य लिएको जानकारी दिए।

खोप अभियानका लागि देशभरि ४९,९३७ स्वास्थ्यकर्मी र ५९,९०६ जना स्वयंसेवक परिचालन गरी ४८,७९८ खोप केन्द्रबाट खोप लगाइने उनले बताए।

यस अभियानमा खोप लगाउन छुटेका नौ महीनादेखि पाँच वर्षमुनिका बालबालिकालाई लक्षित गरी हेपाटाइटिस बी, धनुषटङ्कार, इन्फ्लुएन्जा, लहरेखोकी, भ्यागुते रोग, निमोनिया र पोलियोविरुद्ध सातवटा रोगविरुद्ध खोप पनि सँगै सञ्चालन हुनेछ।

खोप लगाएपछि बच्चालाई ज्वरो आउने, रूघाखोकी लाग्नेजस्ता समस्या देखिए नआत्तिन भनिएको छ। यस्तो समस्या देखिए समाधान गर्न प्रत्येक जिल्लास्तरमा आकस्मिक उपचार टोलीसमेत गठन गरिएको छ। तराईका झापा, मोरङ सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपुर, परासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, काठमाडौं, भक्तपुर, ललितपुर जिल्ला दादुराको उच्च जोखिममा रहेकाले यी जिल्लामा नौ महीनादेखि १५ वर्षमुनिका बालबालिकालाई खोप लगाउन लागिएको बताइएको छ।

खोप अभियान गाभीको सहयोगमा सञ्चालन हुन लागेको हो। अभियानमा गाभी, युनिसेफ र विश्व स्वास्थ्य सङ्गठनको सहयोग रहेको छ। अभियानका लागि रु १,१२,६७ बराबरको सहयोग रहेको र नेपाल सरकारले २३ करोड २१ लाख गरी १,३५,००,००,००० बराबर खर्च हुने बताइएको छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – ज्ञानोदय | वृष – उदरपीडा |
| मिथुन – मित्रमिलन | कर्कट – अतिथिआगमन |
| सिंह – सुयश | कन्या – खर्चवृद्धि |
| तुला – धनलाभ | वृश्चिक – सफलता |
| धनु – राज्यलाभ | मकर – रोगभय |
| कुम्भ – व्यापारवृद्धि | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## पोखरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
पोखरिया, पर्सा
मधेश प्रदेश, नेपाल

### सार्वजनिक पोखरीहरूको ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी बोलपत्र आह्वान

दोस्रोपटक सूचना प्रकाशित मिति २०८०/११/१३

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा यस पोखरिया नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १०(क) बमोजिम यस नगरपालिकाको स्वामित्वमा रहेका देहायका सार्वजनिक पोखरीहरूको आव २०८०/०८१ को बाँकी अवधिदेखि आव २०८४/०८५ सम्मको लागि करीब पाँच वर्षको लागि ठेक्का बन्दोबस्त शिलबन्दी बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले पोखरिया नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८०/०६/०४ गते बसेको बैठकको निर्णय नं. १ अनुसार यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू :**

१. यो सूचना दोस्रोपटक प्रकाशित भएको मितिले ७औं दिनभित्र यस कार्यालयबाट तपसिलमा उल्लेख गरे अनुसार रु १०००/– रकम नगदै तिरी (पछि फिर्ता नहुने गरी) पान नं. प्राप्त इच्छुक व्यक्ति, फर्महरूले यस कार्यालयबाट बोलपत्र फाराम खरीद गर्न सकिने छ।
२. ठेक्काको लागि बोलपत्र ८औं दिन दिनको १:०० बजेसम्म नेपाली नागरिकताको प्रतिलिपि तथा आफूले कबोल गरेको अङ्कको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक, पोखरिया शाखामा रहेको धरौटी खाता नं. ००७२०११८९८५७०३६ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा ९० दिन म्याद रहेको बैंक ग्यारेन्टी संलग्न राखी शिलबन्दी बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराउनुपर्नेछ।
३. यसरी दर्ता भएका शिलवन्दी बोलपत्र सोही दिन ८औं दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन। बोलपत्र पोखरिया नगरपालिकाको कार्यालय पर्सामा खोलिने छ। सो दिन सार्वजनिक बिदा पर्न गएमा क्रमशः त्यसको भोलिपल्ट दर्ता तथा बोलपत्र खोलिने छ। कार्यालय प्रमुख वा अख्तियारप्राप्त अधिकृतबाट प्रमाणित दरभाउपत्रलाई मात्र मान्यता दिइने छ।
४. ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाई मिनाहा वा क्षतिपूर्तिसम्बन्धी कुनै शर्त स्वीकार्य हुनेछैन।
५. कबोल अङ्कको १३ प्रतिशत मूअकर र १.५ प्रतिशत अग्रीम आय करसमेत यस कार्यालयमा बुझाउनुपर्नेछ।
६. कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रीत नपुगी आएको बोलपत्रउपर कुनै कारबाई हुनेछैन।
७. आफूले कबोल गरेको ठेक्का रकम एकमुस्ट बुझाएमा नियमानुसार छुट दिइने छ।
८. अन्य विस्तृत शर्तहरूको हकमा यस कार्यालयमा बुझ्न सकिने छ।
९. ठेक्का रकम ठेकेदारले पहिलो किस्ता आफूले कबुल गरेको ठेक्का रकमको ३० प्रतिशतले हुन आउने रकम चलन पूर्जी लिने दिनमा नगदै यस कार्यालयको आन्तरिक स्रोत खातामा जम्मा गर्नुपर्नेछ। दोस्रो किस्ताबापत २० प्रतिशत रकम २०८१ कार्तिक मसान्तभित्र बुझाउनुपर्नेछ। तेस्रो किस्ता २०८२ कार्तिक मसान्तसम्म २० प्रतिशत रकम बुझाउनुपर्नेछ। चौथो किस्ता २० प्रतिशत रकम २०८३ कार्तिक मसान्तभित्र बझाउनुपर्नेछ र बाँकी १० प्रतिशत रकम २०८४ कार्तिक मसान्तभित्र बुझाउनुपर्नेछ। ठेकेदारले पहिलो किस्ताबापतको कबोल अङ्कको ३० प्रतिशत रकम दाखिला गरी बाँकी ७० प्रतिशत रकमको २०८४ असार मसान्तसम्म म्याद भएको नेपाल अधिराज्यको कुनै पनि मान्यताप्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको परफरमेन्स बन्ड (बैंक ग्यारेन्टी ) पेश गरी सम्झौता गर्नुपर्नेछ। सम्बन्धित पोखरीको सामान्य मरम्मत सम्भार ठेकेदार आफैंले गर्नुपर्नेछ।

**तपसिल**

| ठेक्का नं. | पोखरी रहेको स्थान | क्षेत्रफल (वर्गमिटर) | न्यूनतम कबोल अङ्क | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १/२०८०/८१ | साबिक गाविस वनकटवा वडा नं. २ हाल पोखरिया नपा वडा नं. १ ब्रह्मस्थाननिरको पोखरी | २१६२४ | ५,५०,००० | १,००० |
| २/२०८०/८१ | साबिक गाविस वनकटवा हाल पोखरिया नपा वडा नं. १ मालिकबाबूको घरनिरको सार्वजनिक पोखरी | १४३०७.०५ | ३,००,००० | १,००० |
| ३/२०८०/८१ | साबिक गाविस वसन्तपुर हाल पोखरिया नपा वडा नं. २ रामानन्दप्रसाद यादवको घरनिरको सार्वजनिक पोखरी | ५०६९० | ५,५०,००० | १,००० |
| ४/२०८०/८१ | साबिक गाविस बसन्तपुर हाल पोखरिया नपा वडा नं. ३ पोखरी | ४७२४२ | ५,५०,००० | १,००० |
| ५/२०८०/८१ | साविक गाविस श्रीसिया हाल पोखरिया नपा वडा नं. ६ चमरपटी टोल पोखरी | २०५२९.०५ | २,७५,००० | १,००० |
| ६/२०८०/८१ | साबिक गाविस श्रीसिया हाल पोखरिया नपा वडा नं. ६ डिपरनिरको पोखरी | ११११० | १,००,००० | १,००० |
| ८/२०८०/८१ | साबिक गाविस शिवबर्वा हाल पोखरिया नपा वडा नं. ९ वडा पोखरिया अस्पतालनिरको पोखरी | ३३२१८ | ४,५०,००० | १,००० |
| ९/२०८०/८१ | साबिक गाविस शिवबर्वा हाल पोखरिया नपा वडा नं. ९ सेमरबारी शिवबर्वा रवीन्द्र चौहानजी घरनिरको पोखरी | ११८५६ | १,००,००० | १,००० |
| १०/२०८०/८१ | साबिक गाविस वसन्तपुर हाल पोखरिया नपा वडा नं. ३ फूलवरिया नारा | | ५,५०,००० | १,००० |

अजयकुमार श्रीवास्तव (निमित्त प्रमुख प्रशासकीय अधिकृत)

# पोखरियामा उपमेयर छात्रवृत्ति वितरण

तस्वीरः प्रतीक





दिनेशकुमार मिश्र, वीरगंज, १३ फागुन/

पोखरिया नगरपालिकामा उपमेयर छात्रवृत्ति वितरण कार्यक्रम आइतवार सम्पन्न भएको छ ।

कार्यक्रममा पोखरिया नपाभरिका उत्कृष्ट १८ जना छात्रछात्रालाई छात्रवृत्ति वितरण गरिएको थियो । कक्षा १० र कक्षा १२ मा इन्जिनीयर समूहका चारजना, मेडिकल समूहमा दुईजना, विज्ञान समूहका दुईजना, खुला समूहका पाँचजना गरी १८ जनालाई छात्रवृत्ति प्रदान गरिएको थियो । छात्रवृत्ति रकम अधिकतम २५ हजार र न्यूनतम १० हजारको दरले छात्रछात्राहरूलाई चेकमार्फत हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा नगरप्रमुख प्रद्युम्न चौहानले शिक्षामा लगानी सबैभन्दा उत्तम लगानी भएको बताए । उनले छात्रवृत्तिबाट विद्यार्थीहरूको मनोबल उच्च हुने र लगनशीलता बढ्ने बताए ।

उपप्रमुख रुबी ठाकुरले नपाले विद्यार्थीहरूका लागि छात्रवृत्ति रकम छुट्याएर सराहनीय कार्य गरेको बताइन् । उनले छात्रवृत्ति नपाउने विद्यार्थीहरूलाई अझ मिहिनेत गरेर अध्ययन गरी छात्रवृत्तिको मापदण्डमा पर्न आग्रह गरिन् ।

कार्यक्रममा पारस ठाकुर, पर्वत ठाकुर, बृजेश द्विवेदी, इन्द्रदेव कुर्मी, हिमानी साहले मन्तव्य राखेका थिए ।

उपप्रमुख ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कौशलेन्द्र मिश्र, शिक्षा शाखा प्रमुख विजय झा, शिक्षा शाखा सहायक विनोद चौहान, २५ वटा विद्यालयका प्रधानाध्यापक, अभिभावकलगायतको सहभागिता थियो ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | सखुवाप्रसौनी क्रिकेट कप | क्रिकेट प्रतियोगिता | सखुवाप्रसौनी | ११:०० |


## वैदेशिक रोजगारमा जाँदा कागजातको प्रतिलिपि "घरपरिवारमा छोडौं"

**वैदेशिक रोजगारमा जाँदा निम्न कागजातको प्रतिलिपि घरमा छोडौं**

- पासपोर्ट र नागरिकता,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृति,
- स्वास्थ्य परीक्षण गराएको निरोगिताको प्रमाणपत्र,
- अभिमुखीकरण लिएको प्रमाणपत्र,
- म्यानपावर संस्थालाई तिरेको रकमको भर्पाई,
- रोजगारदातासँग गरेको करार सम्झौता,
- बीमा गराएको कागजात,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाण,
- आफूले विदेशमा रही काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
- आफूलाई महत्त्वपूर्ण लागेका अन्य कागजातहरू

यस्ता कागजातले वैदेशिक रोजगारमा केही समस्या तथा कठिनाई भएमा समाधान गर्न सजिलो हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## चुकन्दर र गाँजासहित एकजना पक्राउ

प्रस, वीरगंज, १३ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिल बिजकभन्दा बढी चुकन्दर लोड गरेको पिकअप नियन्त्रणमा लिएको छ ।



वीरगंजबाट काठमाडौं जाँदै गरेको प्रदेश ३-०१-०२४ च ३५८९ नम्बरको पिकअपलाई गण्डकमा चेकजाँच गर्ने क्रममा बिलबिजकभन्दा बढी रहेको ३४,८०० मूल्य बराबरको चुकन्दर नियन्त्रणमा लिई आज राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको जिप्रका, पर्साले जनाएको छ ।

यसैगरी प्रहरीले एक किलो एक सय ग्राम गाँजासहित एकजनालाई पक्राउ गरेको छ ।

वीरगंज-१९ तिलावे पुलबाट अस्थायी प्रहरी चौकी विन्दवासिनीले एक किलो एक सय ग्राम गाँजासहित बहुदरमाई नगरपालिका-९ विश्रामपुर बस्ने ५५ वर्षीय मोखुराउत कुर्मीलाई पक्राउ गरी लागू औषधसम्बन्धी कसूरमा अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

## रौतहटका तस्करहरूसँग सुरक्षाकर्मीले पैसा असुल्दै

प्रस, रौतहट १२ फागुन/

बेरोजगार, गरीब, असहाय र अपाङ्गहरूले जीविकोपार्जन गर्न भारतबाट दैनिक नेपाल सामान भित्र्याउने गरेको र सोबापत सुरक्षाकर्मीले पैसा असुल्ने गरेका छन् । भारतको बैरगनियाबाट कपडा, किराना सामग्री ल्याउँदा प्रहरीले गौर भन्सार गेटमा नै पैसा लिई छाड्ने गरेका छन् ।

शिवनगरकी विनिता जयसवालले जीवनयापन गर्न भारतबाट साडी ल्याएर नेपालमा बेच्ने गरेको र सो कार्य गरेबापत विभिन्न ठाउँमा सुरक्षाकर्मीलाई रकम बुझाउनुपरेको बताइन् ।

गौर भन्सार गेटमा खटेका सशस्त्र प्रहरी र जनपद प्रहरी, नेपाल लज नजीक खटेका प्रहरी, विपी चोकमा खटेका प्रहरी र बम नहरमा खटेका प्रहरीले पैसा लिएर सामान छाड्ने गरेका छन् । उनले पैसा नदिए सुरक्षाकर्मीले सामान खोसेर भन्सार बुझाउने गरेको बताइन् ।

सो नाकाबाट दैनिक हजारौं व्यक्ति सुरक्षाकर्मीलाई महीनावारी बुझाएर भारतबाट सामान ल्याउने गर्छन् । सामान ल्याएबापत प्रहरी हवल्दारलाई प्रत्येक पटक रु एक सय, असईलाई महीनाको दुई हजारदेखि २५ सय बुझाउनुपरेको जयसवालले बताइन् ।

# खेलकूदको संसार

## जगरनाथपुरमा दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरू

प्रस, सेढवा १३ फागुन/

'स्वास्थ्यका लागि खेलकूद, राष्ट्रका लागि खेलकूद' नारासहित जगरनाथपुर गाउँपालिकामा दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आजदेखि शुरू भएको छ ।


तस्वीरः प्रतीक

गापाको आयोजनामा वडा नं ५ को मधुवाहाको खेल मैदानमा प्रतियोगिता शुरू भएको थियो ।

गापा अध्यक्ष श्रीकान्त यादवको अध्यक्षतामा भएको कार्यक्रममा वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्दन राय, शिक्षा संयोजक अशोक सिंह, वडाध्यक्षहरू तथा अन्य जनप्रतिनिधिहरूले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

प्रतियोगितामा प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तहका छात्रछात्राबीच हाइजम्प, लङ्गजम्प, दौड (१००, २०० र ४०० मिटर) र शटपुट खेलहरू खेलाइने छ । प्रतियोगिता मङ्गलवारसम्म हुने बताइएको छ ।

## सखुवापरसौनी कपः छिपहरमाई फाइनलमा

दिनेशकुमार मिश्र, वीरगंज, १३ फागुन/

सखुवापरसौनी गाउँपालिकाद्वारा आयोजित दोस्रो सखुवापरसौनी कप क्रिकेट प्रतियोगिता २०८० को आइतवार सम्पन्न सेमिफाइनलमा बहुदरमाई नगर पालिकालाई पराजित गर्दै छिपहरमाई गापा फाइनलमा प्रवेश गरेको छ ।


तस्वीरः प्रतीक

पहिलो सेमिफाइनलमा टस जितेर छिपहरमाईले ब्याटिङ गरेको थियो । निर्धारित २० ओभरको खेलमा आठ विकेट गुमाएर छिपहरमाईले १३३ रन बनाएको थियो ।

प्रतिउत्तरमा १३४ रनको विजय लक्ष्यसहित मैदानमा उत्रेको बहुदरमाई १७ ओभरमा सबै विकेट गुमाएर ९६ रनमा सीमित भयो । प्रतियोगितामा तीन ओभरमा दुई रन दिएर तीन विकेट लिएका छिपहरमाईका हरेराम यादव म्यान अफ द म्याच घोषित भए । आजको खेलमा छिपहरमाईका सन्दीप पटेलले ३२ बलमा अर्धशतक बनाए ।

छिपहरमाई फागुन १६ गते हुने फाइनलमा, भोलि परवानीपुर र कालिकामाईबीचको दोस्रो सेमिफाइनल जित्ने, टीमसँग उपाधिको लागि भिड्ने छ ।

## नेपाल नेदरल्यान्ड्ससँग आठ विकेटले पराजित

काठमाडौं, १३ फागुन/रासस

घरेलु मैदानमा भएको आइसिसी पुरुष क्रिकेट विश्वकप लिग दुई अन्तर्गत त्रिकोणात्मक शृङ्खलाको अन्तिम खेलमा नेपाल नेदरल्यान्ड्ससँग आठ विकेटले पराजित भएको छ ।

जीतका लागि नेपालले दिएको १७३ रनको सामान्य लक्ष्य नेदरल्यान्ड्सले ३७.५ ओभरमा दुई विकेट गुमाउदै पूरा गर्‍यो । नेदरल्यान्ड्सको जीतमा विक्रमजित सिंहले सर्वाधिक ५८ रनको योगदान दिए । त्यसैगरी साइब्रान्ड एंगलब्रेक्टले ४६ रन बनाउँदा माइकल लेभिटले ३९ रन र म्याक्स ओडाउडले २८ रन जोडे ।


तस्वीरः सौजन्य

नेपालका लागि ललित राजवंशी र दीपेन्द्र सिह ऐरीले समान एक/एक विकेट लिए ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४९.३ ओभरमा सबै विकेट गुमाउदै १७२ रनको योगफल बनाउन सक्यो ।

नेपालका लागि कुशल भुर्तेलले ९३ बल खेल्दै आठ चौकाको मदतमा ६६ रन बनाए । त्यस्तै करण केसीले २६ रन बनाउँदा आरिफ शेखले २२ रन जोडे । आसिफ शेखले १७, कप्तान रोहितकुमार पौडेलले १६, अनिल शाहले सात र गुलशन झाले पाँच रन बनाए ।

नेदरल्यान्ड्सका आर्यन दत्त र भिभियन किङ्माले समान तीन-तीन विकेट लिए । यसैगरी बास डि लिडेले दुई विकेट लिंदा रोलेफ भान डर मर्वेले एक विकेट लिए ।

यस जीतसँगै नेदरल्यान्ड्सले प्रतियोगितामा चार अङ्क जोडेको छ । नेदरल्यान्ड्सले नामिबियालाई पहिलो खेलमा सात विकेटले हराएको थियो भने दोस्रो खेलमा नामिबियासँग २४ रनले पराजित भएको थियो ।

नेपालले लिग- २ को पहिलो चरणको खेल सकिंदा दुई अङ्क बटुलेको छ । नेपालले नेदरल्यान्ड्सलाई नौ विकेटले पराजित गरेको थियो भने नामिबियासँग पहिलो खेलमा चार विकेट र दोस्रो खेलमा दुई विकेटले पराजित भएको थियो ।

नामिबियाले तीनमा जीत हासिल गर्दै छ अङ्क बटुलेको छ । नामिबिया लिग दुईको शीर्ष स्थानमा छ । नेदरल्यान्ड्स चार खेलमा दुईमा जीत तथा दुई खेलमा हार बेहोर्दै चार अङ्कका साथ दोस्रो स्थानमा छ । समान चार खेल खेलेको नेपालले एकमा जीत तथा तीनमा हार बेहोर्दै दुई अङ्कका साथ अङ्क तालिकाको तेस्रो स्थानमा छ ।

## राष्ट्रिय फूटबल : एनआरटी विजयी

काठमाडौं, १३ फागुन/रासस

न्यु रोड टिम (एनआरटी) ले श्रीस्टार क्लबलाई पराजित गर्दै केपी ओली कप राष्ट्रिय फूटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आज भएको खेलमा एनआरटीले श्रीस्टार क्लबमाथि १-० को जीत निकाल्दै सेमिफाइनलमा पुगेको हो । एनआरटीको जीतमा विवेक गुरुङ नायक बने । उनले खेलको २९औँ मिनेटमा गरेको एक गोल नै एनआरटीका लागि निर्णायक गोल साबित भयो ।

सञ्जीव विष्टलाई पेनाल्टी एरियामा श्रीस्टारका खेलाडी खेमराज श्रेष्ठले लडाएपछि एनआरटीले फ्रिकिकको अवसर पाएको थियो । जसको सदुपयोग गुरुङले गरे ।

राष्ट्रिय युवा सङ्घको आयोजनामा भएको उक्त प्रतियोगिताका विजेता टोलीले रु ११ लाख तथा उपपिवेताले रु पाँच लाख प्राप्त गर्नेछन् ।